# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २३३ | काठमाडौं | बिहीबार, ०४ पुस २०८१ | Prabhab National Daily | Thursday, December 19, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**वायु प्रदुषणको असर कम गरौं**


- व्यक्तिगत सवारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
- डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतिय सवारी साधनको प्रयोग गरौं,
- आँफैले प्रयोग गर्ने सवारी धानको इन्जिन राम्रोसँग मर्मत गरौं, नियमित प्रदुषण जाँज गरौं,
- उद्योग तथा कलकारखानामा प्रदुषण नियन्त्रण प्रविधिहरु प्रयोग गरौं,
- फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
- कच्ची सडकहरू मर्मत तथा कालोपत्रे गरैं,
- वृक्षारोपण गरौं, वनजंगलको संरक्षण गरौं, वायु प्रदुषणको असर कम गनै सहयोग गरौं, स्वस्थ वातावरणमा योगदान पुऱ्याऔं

नेपाल सरकार
विज्ञापन बोर्ड


अपराधका घटना बढ्दो

# बैंकिङ कसूरका मुद्दा सबैभन्दा बढी






चालु आवको चार महिनाको तथ्यांकले अपराधका घटना बढेको देखाएको छ । प्रविधिको बढ्दो दुरुपयोगबाट सिर्जित अपराधहरु चुनौतीका रुपमा रहेका छन् । विद्यमान स्रोतसाधनको उच्चतम प्रयोग गरी त्यस्ता अपराध नियन्त्रणमा प्रहरी क्रियाशील रहेको छ ।

**विश्व अधिकारी**
**प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक, नेपाल प्रहरी**

- गत आवको तुलनामा पाँच प्रतिशतले बढ्यो अपराध
- दैनिक १६२ वटा मुद्दा दर्ता
- चार महिनामा १९ हजार ४९८ मुद्दा दर्ता
- बैंकिङ कसूरका मुद्दा सबैभन्दा बढी चार हजार ३५९
- उपत्यकामा मात्रै ५७.७७ प्रतिशत घटना दर्ता

**जेबी योञ्जन**

**काठमाडौं–** चालु आर्थिक वर्षमा अपराधका घटना बढेको पाइएको छ । नेपाल प्रहरीले सार्वजनिक गरेको पछिल्लो चार महिनाको तथ्यांकमा गत आर्थिक वर्षको तुलनामा अपराधका घटना पाँच प्रतिशतभन्दा बढीले वृद्धि भएको देखिएको हो ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) विश्व अधिकारीका अनुसार चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म विभिन्न अपराधसँग सम्बन्धित १९ हजार ४९८ मुद्दा दर्ता भएका छन् । यो गत आवको सोही अवधिको तुलनामा ५.११ प्रतिशतले बढी हो । गत आवको सोही अवधिमा १८ हजार ९९८ मुद्दा दर्ता भएका थिए । गत आवभरिमा भने ५९ हजार २०३ वटा मुद्दा दर्ता भएका थिए । प्रहरी तथ्यांकअनुसार पछिल्लो चार महिनामा दैनिक १६२ वटा मुद्दा दर्ता भएका छन् । ती घटनाहरूमा दैनिक ११७ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको प्रवक्ता अधिकारीले बताए ।

चालु आवको चार महिनामा दर्ता भएका मुद्दामा सबैभन्दा बढी बैंकिङ कसूरसम्बन्धी छ । बैंकिङ कसूरमा चार हजार ३५९ वटा मुद्दा दर्ता भएको तथ्यांक छ । यस्तै सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा र नैतिकतासम्बन्धी तीन हजार १४४, आत्महत्या दुई हजार २३६, लागुऔषध एक हजार ६१९, चोरी एक हजार २४२, जबरजस्ती करणी ८२३, ठगी तथा आपराधिक लाभ ६१८, सवारी ज्यान ५७० र ज्यान मार्ने उद्योगमा ३८२ मुद्दा दर्ता भएको तथ्यांकमा देखिन्छ ।

प्रहरी प्रवक्ता अधिकारीका अनुसार कर्तव्य ज्यानमा गत वर्षको चार महिनामा १९३ घटना रहेकामा र अहिले सोही अवधिमा १९२ घटना भएको छ । संगठित अपराधमा मुद्दा बढेको पाइएको छ । संगठित अपराधमा गत वर्ष पाँच रहेकामा अहिले सोही चार महिनाको अवधिमा ३९ वटा मुद्दा दर्ता भएको छ ।

जबर्जस्ती करणीमा गत वर्षको चार महिनामा ८०९ वटा रहेकामा यस वर्ष ८२३ वटा मुद्दा दर्ता गरिएको वरिष्ठ उपरीक्षक अधिकारीले जानकारी दिए । उनले कर्तव्य ज्यानतर्फ सबैभन्दा बढी कोसी प्रदेशमा २३.९५ र कर्णालीमा जम्मा छ वटा मुद्दा ३.२५ प्रतिशत दर्ता भएको जानकारी दिए । जबर्जस्ती करणीमा सबैभन्दा बढी कोसीमा र सबैभन्दा कम गण्डकीमा घटना घटेको जानकारी दिँदै वरिष्ठ उपरीक्षक अधिकारीले करणी उद्योगमा पनि कोसीमा बढी भएको बताए ।

क्रमशः पृष्ठ २ मा

छाया सेन्टरको जग्गा विवाद प्रकरण

# अन्तिम निर्णय सुनाउने सर्वोच्चको तयारी

- सार्वजनिक जग्गा मासेर छायादेवी कम्प्लेक्स/सेन्टर बनाएको भन्दै परेको १५ थान मुद्दाको सुनुवाइ सकाएसँगै सर्वोच्चले अन्तिम निर्णय सुनाउने (निसु) का लागि आज पेशी तोकेको छ
- न्यायाधीशद्वय शारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले १५ थान मुद्दाको कात्तिक ७ गतेदेखि निरन्तर सुनुवाइ गर्दै कात्तिक १४ गते सुनुवाइ सकाएको थियो
- २०७१ वैशाख ३० गते अधिवक्ता दीपक मिश्र, रामहरि श्रेष्ठलगायतले दायर गरेको मुद्दा नौ वर्षदेखि १४ पटक हेर्न नमिल्ने, पाँच पटक हेर्न नभ्याउने भन्दै स्थगित हुँदै आएको थियो



**प्रभाव संवाददाता**

**काठमाडौं–** ठमेलस्थित अमृतमार्ग अगाडिको छायादेवी कम्प्लेक्समा यतिबेला 'क्रिसमस कार्निभल' लागिरहेको छ। ओलिज सेन्टरदेखि अरेबिका कफीको चेनसमेत सञ्चालित यो भवनमा सिनेमा हलमा पुस्पा-२ देखि मोआना-२ फिल्म लागिरहेको छ ।

४८ भन्दा बढी आउटलेट चलाइरहेको यो भवनको जग्गा भने विगत १० वर्षदेखि किचलोमा फसेको छ।

## के हो छायादेवी सेन्टर विवाद ?

छायादेवी सेन्टर विवादको चुरो कुरा बुझ्न १०० वर्षभन्दा पछाडि फर्कनुपर्छ । अहिले काठमाडौं महानगरपालिका-२९ मा पर्ने राणाकालीन दरबार केशरमहलसँगै 'थँ बहिल' भनिने विक्रमशील महाबिहार छ । बौद्ध धर्मावलम्बीले जन्म-मरण संस्कार गर्ने यो महाबिहार लिच्छविकालीन मानिन्छ, जसको रेखदेख श्री सिंहसार्थ बाहु गरुड भगवान् गुठीअन्तर्गत हुँदै आएको छ ।

कुनैबेला 'थँ बहिल' अगाडि पोखरी थियो । कमलको फूल फुल्ने हुँदा कमलपोखरी भनिने उक्त पोखरीको तीन रोपनी जग्गा १९५८ मा जीत शमशेरले दरबारको कम्पाउन्डभित्र पारेका थिए । यो दरबार राणा प्रधानमन्त्री चन्द्र शमशेरका भाइ जीत शमशेरबाट किनेर छोरा केशर शमशेरलाई उपहार दिए र नाम केशरमहल रहन पुग्यो । दरबार आफ्नो भएपछि केशर शमशेरले १९७७ सालमा पोखरीको डिल पनि केशरमहलको हाताभित्र छिराएका थिए । त्यसपछि उक्त जग्गालाई व्यक्तिगत बनाउन मोहियानी हक कायम गराएर व्यक्तिको नाममा पास गरिएको थियो । २०४४ सालमा ठमेल वडा नं. २९ को ५७.१४.३.२ रोपनी क्षेत्रफलमा फैलिएको सार्वजनिक जग्गा तत्कालीन श्री ५ को सरकारले आफ्नो नाममा दर्ता गऱ्यो । त्यसरी दर्ता गरिएको कमलपोखरीको कित्ता नं. १६७ को १२.१३.२.२ रोपनी जग्गाको विवरणमा

क्रमशः पृष्ठ २ मा

अदालतमा विचाराधीन रहेको छायादेवी कम्प्लेक्सको जग्गा विवादसम्बन्धी मुद्दामा बल्ल आज सर्वोच्च अदालतले अन्तिम निर्णय सुनाउने तयारी गरेको छ । सार्वजनिक जग्गा मासेर छायादेवी कम्प्लेक्स/सेन्टर बनाएको भन्दै परेको १५ थान मुद्दाको सुनुवाइ सकाएसँगै सर्वोच्चले निर्णय सुनाउने (निसु) का लागि आजको पेशी तोकेको हो ।

न्यायाधीशद्वय शारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले कात्तिक ७ गतेदेखि निरन्तर सुनुवाइ गर्दै १४ गते सुनुवाइ सकाएको थियो । सर्वोच्चले कात्तिक ७ गते रिट निवेदकका तर्फबाट बहस सुनेको थियो भने कात्तिक ११ र १२ गते विपक्षीका कानुन व्यवसायीको बहस सुनेको थियो । उनीहरूले आफ्नो बचाउ गरेपछि कात्तिक १३ गते सरकारका तर्फबाट सहन्यायाधिवक्ता उद्धव पुडासैनीसहितले बहस गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस

# मुलुकभित्रै रोजगारी सिर्जना गर्नुपर्नेमा जोड

**प्रभाव संवाददाता**

**काठमाडौं–** अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस नेपालमा पनि मनाइएको छ । यस दिवसको अवसरमा बुधबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगारसँग सम्बन्धित संघसस्थाले विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको हो ।

संयुक्त राष्ट्रसंघले सन् १९९० डिसेम्बर १८ मा आप्रवासी श्रमिक र तिनका परिवारका सदस्यको अधिकार संरक्षणसम्बन्धी महासन्धि पारित गरेको दिनको सम्झनामा बुधबार विश्वभर अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस मनाइएको छ । राष्ट्रसंघको आह्वानमा आप्रवासनका चुनौती र अवसरका बारेमा चेतना जगाउन र विश्वभरका आप्रवासीको योगदानलाई मान्यता दिन विश्वव्यापी रूपमा यो दिवस मनाउँदै आइएको छ । यसै सन्दर्भ पारेर नेपालमा 'सुरक्षित आप्रवासनका आधार, सूचना र सीपसहितको रोजगार' भन्ने नाराका सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक समाज र आप्रवासी श्रमिक तथा तिनका परिवारको सहभागितामा सप्ताहव्यापी कार्यक्रम आयोजना गरिँदै छ ।

दिवसका दिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बुधबार अन्तरक्रिया कार्यक्रम आयोजना गरी यो दिवस मनाएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै श्रममन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारीमा गएका श्रमिकहरूले आर्जन गरेका सीप, पुँजी र ज्ञानलाई मुलुकको विकासमा उपयोग गर्नुपर्नेमा जोड दिए । 'विदेशमा सिकेर आएकासँग ज्ञान छ, क्षमता छ, उनीहरूको ज्ञानलाई उपयोग गरेर मुलुकको विकासमा लगाउनुपर्छ,' मन्त्री भण्डारीले भने । उनले मुलुकमा आन्तरिक रोजगारी सिर्जना गरेर बाध्यात्मक वैदेशिक रोजगारीको अवस्था अन्त्य गर्नुपर्ने बताए ।

क्रमशः पृष्ठ २ मा



## 'आप्रवासी श्रमिकको मानवअधिकार संरक्षण गर'

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले आप्रवासी श्रमिकको अधिकार संरक्षणमा पर्याप्त लगानी गर्न आग्रह गरेको छ । अन्तर ाष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा बुधबार एक विज्ञप्ति जारी गर्दै आयोगले नीतिगत व्यवस्था गरी आप्रवासनका समसामयिक समस्याको न्यायोचित सम्बोधन गर्न आग्रह गरेको हो । 'आप्रवासनलाई सुरक्षित, मर्यादित र नियमित बनाउनेतर्फ परिणाम देखिनेगरी पहल कदमी लिन, घरेलु श्रमिक महिलाको अधिकारको संरक्षण गर्न सरकार र सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूमा आयोग आग्रह गर्दछ,' आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा जारी

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश




प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### अन्तिम निर्णय...

२०७१ वैशाख ३० गते अधिवक्ता दीपक मिश्र, रामहरि श्रेष्ठलगायतले उक्त मुद्दा दायर गरेका थिए । यो मुद्दा ९ वर्षदेखि १४ पटक हेर्न नमिल्ने, पाँचपटक हेर्न नभ्याउने भन्दै स्थगित हुँदै आएकोमा अदालतले २०८० माघ २२ गतेदेखि सुनुवाइ सुरू गरेको थियो । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र डा. कुमार चुडालको संयुक्त इजलासले मालपोत, नापी र गुठी संस्थानसँग कागजात पेस गर्न २०८० माघ २० गते आदेश दिएको थियो । त्यसपछि न्यायाधीश विनोद शर्मा र न्यायाधीश अब्दुल अजिज मुसलमानको संयुक्त इजलासमा पेसी चढे पनि २०८१ भदौ २ गते हेर्न नमिल्नेमा परेको थियो । न्यायाधीश अब्दुल अजिज मुसलमान र बालकृष्ण ढकालको संयुक्त इजलासले २०८१ भदौ १७ गते मालपोत कार्यालय र नापीबाट भएको निर्णयको फाइल माग्ने आदेश दिएको थियो ।

■■■

### के हो छायादेवी...

आवादीमा पर्ती पोखरी र घरजग्गाको महलमा पोखरी कायम गरिएको छ भने जग्गाधनीको नाममा श्री ५ को सरकार लेखिएको छ । मोहीको महलमा पोखरी नै उल्लेख छ। २०३९ सालमा मोहीको महलमा छिरेका केयुर शमशेरको नाम कतै देखिँदैन । अम्बिका राणाले १८ माघ २०४७ मा कित्ता नं. १६७ को जग्गा आफू र आफ्नो दाइ शंकरप्रसाद शाहको नाममा गुठी रैतानी (व्यक्तिगत नाममा) दर्ता गरिन् । त्यसपछि जग्गा किनबेच भएको थियो ।

सर्वोच्च अदालतले उक्त जग्गामा दर्तावाला मोही हक कायम हुन सक्ने कि नसक्ने भन्ने विषयमा बोल्ने छ । गुठी संस्थान ऐन, २०३३ को २६(४) अनुसार मोहीयानी हक नलाग्ने यसअघि नै सर्वोच्चले निस्सा दिँदा बोलिसकेको छ । दर्तावाला मोहीको हक समाप्त भई आफ्नो हक हुन आउने खास जोताहा किसानले उपदफा ३ मा तोकिएबमोजिमको क्षतिपूर्तिको रकम दाखिल नगरेमा वा उपदफा ३ (ख) बमोजिम बक्यौता कुत तोकिएबमोजिम नतिरेमा सो जग्गाको कुत नतिरेसरह कारबाही गरी सो जग्गामा तोकिएको दस्तुर लिई अर्को मोही कायम गर्न सकिने भनेको छ । सोही विषयमा सर्वोच्चले व्याख्या गर्ने छ ।

यसअघि पनि मुद्दाको फैसलामा लिइएका आधार प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ प्रतिकूल रहेको सर्वोच्चको टिप्पणी छ । ऐनको दफा ३ ले अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुने उल्लेख छ । त्यस्तै, दफा ५४ मा बुझ्नुपर्ने प्रमाण नबुझिएमा वा बुझ्न नहुने प्रमाण बुझिएमा त्यसको परिणामलगायत भनिएको छ, 'यस ऐनबमोजिम बुझ्नुपर्ने प्रमाण नबुझिएको वा बुझ्न नहुने प्रमाण बुझिएका कारणले मात्र अदालतको कुनै फैसला वा आदेश बदर हुने छैन । तर, बुझ्नुपर्ने प्रमाण नबुझिएको वा बुझ्न नहुने प्रमाण बुझिएका कारणले निर्णयमा असर पर्न गएको रहेछ भने त्यस्तो फैसला वा आदेश बदर हुने छ ।'

अदालतले विभिन्न फैसलाबाट प्रतिपादित सिद्धान्तको प्रतिकूल भन्दै पुनरावेदन अदालतको फैसलालाई त्रुटिपूर्ण भनेको थियो । आदेशले तत्कालीन प्रधानन्यायाधीश केदारप्रसाद गिरी र न्यायाधीश अनुपराज शर्माले २३ मंसिर २०६५ मा काठमाडौं जितपुरफेदीका सूर्यप्रसाद धितालविरुद्धको मुद्दामा स्थापित नजिरलाई आधार मानेको छ । सो मुद्दामा दर्ता कायम नै नरहेको जग्गा अनधिकृत रूपमा मिलापत्रमा उल्लेख गर्दैमा हक कायम हुने सार्वजनिक गुठीस्थित नहुने नजिर स्थापित भएको छ ।

■■■

### मुलुकभित्रै रोजगारी...

आन्तरिक रोजगारी सिर्जना नगरेसम्म मुलुकको आर्थिक विकास नहुने उनको भनाइ छ । मन्त्री भण्डारीले आगामी दशकलाई आन्तरिक रोजगार दशकका रूपमा मनाउन लागिएको जानकारीसमेत दिए । 'सारा युवा पलायन भइसके, मुलुक खाली भइसक्यो भन्ने भाष्य तथ्यांकले स्थापित हुँदैन,' उनले भने, 'कयौं युवा विदेशबाट सीप सिकेर मुलुकमा उदाहरणीय काम गरिरहेको र सीप सिकेर गएकाले विदेशमा पनि राम्रो काम गरिरहेका छन् ।'

विदेशबाट फर्किएकाहरू विभिन्न रोगबाट प्रभावित रहेको उल्लेख गर्दै त्यस विषयमा अध्ययन भइरहेको र त्यसको रिपोर्टका आधारमा टेलिमेडिसिनलगायतका कार्यक्रम सञ्चालन गरिने उनले उल्लेख गरे । उनले अनलाइनबाट श्रम स्वीकृति दिने व्यवस्थालाई उच्च प्राथमिकता दिन पनि अनुरोध गरे । कार्यक्रममा श्रम मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले हाल १११ मुलुकमा नेपाली गएको बताउँदै वैदेशिक रोजगारीले ग्रामीण क्षेत्रको जीविकोपार्जनमा सुधार, शिक्षा, स्वास्थ्य र घरजग्गा लगानीमा बढोत्तरी भए पनि श्रमशक्ति घटाएको बताए ।

बुधबार नै त्रिभुवन विश्वविद्यालयको जनसंख्या अध्ययन केन्द्रीय विभाग र आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आइओएम)ले पनि एक कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा बोल्दै श्रममन्त्री भण्डारीले चर्को ब्याजदर लिएर विदेश जाने श्रमिकलाई लक्षित गरी सरकारले विनाधितो ऋणको व्यवस्था मिलाउन लागेको जानकारी दिए । विदेश जानुभन्दा पहिले लिनुपर्ने चर्को ब्याजदर र विदेश गएपछि अकालमा मृत्युवरण गर्नुपरेको घटनाप्रति सरकार गम्भीर रहेको भन्दै श्रममन्त्री भण्डारीले सीप विकास गरी आधिकारिक निकायबाट मात्र वैदेशिक रोजगारीमा जान युवालाई आग्रह गरे । श्रम स्वीकृतिविना अवैधरूपमा विदेश गएर समस्यामा परेका नेपालीको उक्त समस्या दीर्घकालीन समाधान गर्न सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको उनले उल्लेख गरे ।

श्रममन्त्री भण्डारीले हरेक स्थानीय तहसँग समन्वय गरेर त्यहाँभित्रका बेरोजगारीको अवस्था, स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना गर्न रोजगारीका लागि युवा कुन देशमा गएका छन्, के सीप सिकेका छन्लगायत जानकारी लिन सुरु गरिसकेको बताए । मन्त्री भण्डारीले मलेसियासँग पाँच वर्षका लागि श्रम सम्झौता गर्न सरकार लागिपरेको उल्लेख गरे । 'हामीले मुलुक खाली भयो, सम्पूर्ण युवा पलायन भए भनिरहेका छौं, वैदेशिक रोजगारीमा गएका ७० लाखमध्ये ८० प्रतिशत श्रमिक खाडी मुलुक गएका छन्, उनीहरू सधैंका लागि गएका होइनन्, अवसरका लागि गएका हुन्,' उनले भने । वैदेशिक रोजगारलाई सुरक्षित बनाउन जरुरी रहेकामा उनले जोड दिए ।

काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. अच्युत वाग्लेले स्वदेशमा रोजगारी सिर्जना गर्ने वातावरण बनाउन सरकार लाग्नुपर्नेमा जोड दिए । नेपालले वैदेशिक रोजगार र बसाइँसराइको बारेमा स्पष्ट नीति बनाउन आवश्यक रहेको उनले उल्लेख गरे । आप्रवासनका लागि अन्तर राष्ट्रिय संगठन (आइओएम)का प्रमुख हेलेन फोर्स, त्रिभुवन विश्वविद्यालय जनसंख्या अध्ययन केन्द्रीय विभागका प्रमुख प्रा.डा. योगेन्द्रबहादुर गुरुङलगायत वक्ताले रोजगारी र शिक्षाको अभावले विश्वव्यापी रूपमा बसाइँसराइको समस्या निम्त्याइरहेको भन्दै यसलाई नियन्त्रण गर्न सबै हातेमालो गरेर अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए ।

■■■

### आप्रवासी श्रमिकको...

विज्ञप्तिमा भनिएको छ, 'आप्रवासी श्रमिकको अधिकार संरक्षणमा अर्थपूर्ण योगदान र सहभागिताका लागि सम्पूर्ण सरोकारवालालाई आयोग अनुरोध गर्दछ ।'

आयोगले देशको आर्थिक तथा सामाजिक स्तरोन्नतिमा आप्रवासी श्रमिकहरूको योगदान भए पनि आप्रवासन व्यवस्थापनमा श्रमिकका परिवारले अनुभूत गर्ने गरी अपेक्षाकृत उपलब्धि हुन नसकेको जनाएको छ । 'सुरक्षित आप्रवासनको आधार, सूचना र सीपसहितको रोजगार' भन्ने नाराका साथ यो दिवस मनाइएको हो । आयोगले आप्रवासी नेपाली श्रमिकको मानवअधिकार संरक्षणका लागि विगत लामो समयदेखि अनुगमन, अध्ययन, अनुसन्धान, उजुरी ग्रहण, गन्तव्य मुलुकहरूका राष्ट्रिय मानवअधिकार संस्थाहरूसँग द्विपक्षीय सम्झौता गरी उजुरी प्रेषण गर्दै आएको छ ।

■■■

### बैंकिङ कसूरका ...

उनले बैंकिङ कसुरका घटना बढेको र उपत्यकामा मात्रै ५७.७७ प्रतिशत घटना दर्ता भएको जानकारी दिए । प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले अपराधमा वृद्धि भएको तथ्यांकले देखाएको बताउनुभयो । प्रविधिको बढ्दो दुरूपयोगबाट सिर्जित अपराधहरू चुनौतीका रूपमा रहेको उल्लेख गर्दै उनले विद्यमान स्रोतसाधनको उच्चतम प्रयोग गरी त्यस्ता अपराध नियन्त्रणमा प्रहरी क्रियाशील रहेको बताए ।

#### आत्महत्याको डरलाग्दो ग्राफ

मुलुकमा आत्महत्याको ग्राफ डरलाग्दो देखिएको छ । नेपाल प्रहरीले सार्वजनिक गरेको तथ्यांकअनुसार यहाँ हरेक दिन २० जनाले आत्महत्या गर्ने गरेको देखिन्छ । जन्मपछि मृत्यु स्वाभाविक हो । तर, अकालमै आत्महत्या गर्ने समस्यामा तीव्र वृद्धि हुनु गम्भीर विषय भएको प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले बताए । उनका अनुसार सामाजिक अपराध मानिने आत्महत्या हरेक वर्ष बढ्दो छ । 'अहिलेको सबैभन्दा ठूलो चुनौती नै आत्महत्या कसरी न्यूनीकरण गर्ने भन्ने हो, किनभने अपराधमध्येमा यो बढ्यो,' बुधबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता अधिकारीले भने ।

प्रादेशिकरूपमा हेर्दा आत्महत्याका घटना सर्वाधिक कोसी प्रदेशमा देखिएको छ । कोसीमा पछिल्लो चार महिना (साउन, भदौ, असोज र कात्तिक) मा ४८३ जनाले आत्महत्या गरेका छन् । यो अघिल्लो वर्षको यही अवधिमा भन्दा आठ जना बढीले आत्महत्या गरेका हुन् ।

लुम्बिनीमा पछिल्लो चार महिनामा ४३३ जनाले आत्महत्या गरेका छन् । त्यसपछि मधेसमा ३९२ जना, बागमतीमा २८६ जना, गण्डकीमा २०३ जना, सुदूरपश्चिममा १७४ जना, उपत्यकामा १६१ जना र कर्णालीमा १०४ जनाले सोही अवधिमा आत्महत्या गरेका छन् । आत्महत्या गर्नेमध्ये ८५ प्रतिशत झुण्डिने गरेको प्रहरी प्रवक्ता अधिकारीले बताए । त्यसपछि १२.६० प्रतिशतले विष सेवन गरेर र बाँकीमध्ये केहीले पानीमा हाम फालेर, औजार प्रयोग गरेर र शरीरमा आगो लगाएर आत्महत्या गर्ने गरेको प्रहरीले जनाएको छ ।

आत्महत्याका धेरै कारणमध्ये जैविक कुरा, मानसिक रोग, शारीरिक, मनोसामाजिक, मनोवैज्ञानिकजस्ता कारण हुने प्रवक्ता अधिकारीले बताए । यीबाहेक सामाजिक, सांस्कृतिक र आर्थिक कारणले पनि आत्महत्या गर्ने गरेको देखिएको छ । यसमा किशोरकिशोरी बढी हुने गरेको पनि प्रहरीले जनाएको छ । पछिल्लो चार महिनामा देशभर दुई हजार २३६ जनाले आत्महत्या गरेको तथ्यांक छ । त्यसमध्ये एक हजार ९०१ जनाले झुण्डिएर आत्महत्या गरेको उल्लेख ख । विष सेवन गरेर ३०४ जनाले, हामफालेर १६ जनाले, पानीमा हाम फालेर सात जना, औजार प्रयोग गरेर पाँच जना र शरीरमा आगो लगाएर तीन जनाले आत्महत्या गरेको प्रवक्ता अधिकारीले बताए ।

गत वर्ष सात हजार २२३ जनाले आत्महत्या गरेका थिए । स्थिति यही हुने हो भने आत्महत्याको घटना यस वर्षअघि बढी हुने भन्दै अधिकारीले आत्महत्या न्यूनीकरण गर्न चुनौती थपिएको बताए । आत्महत्यापछि बढ्दो अपराधको रूपमा देखिएको बलात्कारजन्य घटना हो । पछिल्लो चार महिनामा बलात्कारका ८२३ वटा घटना घटेका हुन् । यसलाई आधार मान्दा हरेक दिन सातवटा बलात्कारका घटना दर्ता हुने गरेको देखिएको छ । तर, प्रहरी प्रवक्ता अधिकारी भने नागरिकमा बढ्दो चेतना पनि घटना बढी दर्ता हुनुको कारक ठान्छन् । उनले भने, 'पहिले यस्ता घटना समाजमा लुकाइन्थ्यो । अहिले नागरिकमा चेतनास्तर वृद्धि हुँदा प्रहरीकहाँ पुगेर न्यायको लडाइँ लड्नेहरू बढेर पनि घटना धेरै भएको हुन सक्छ ।'

प्रदेशगतरूपमा हेर्दा पछिल्लो चार महिनामा कोसीमा १९५ वटा बलात्कारका घटना भएका छन् । यो देशको अन्य प्रदेशमा भन्दा धेरै हो । कोसीपछि लुम्बिनीमा १४४ वटा, उपत्यकामा १२४ वटा, मधेसमा ८८ वटा, बागमतीमा ८१ वटा, सुदूरपश्चिममा ६६ वटा, गण्डकीमा ६५ वटा र कर्णालीमा ६० वटा बलात्कारका घटना सोही अवधिमा भएका छन् । नेपाल प्रहरीका अनुसार हत्या घटना पनि कोसीमा बढी देखिएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चार महिनामै कोसीमा ४६ जनाको हत्या भएको छ । कोसीपछि हत्या घटना बढी भएको प्रदेश मधेस देखिएको छ, जहाँ पछिल्लो चार महिनामा ३४ जनाको हत्या भएको प्रहरीको तथ्यांकले देखाएको छ । त्यसपछि क्रमशः बागमतीमा २८ जना, लुम्बिनीमा २७ जना, गण्डकी २१ जना, सुदूरपश्चिममा १७ जना, काठमाडौं उपत्यकामा १३ जना र कर्णालीमा छ जनाको हत्या भएको छ ।

अधिकांश हत्या आवेशप्रेरित भएको अनुसन्धानपछि खुलेको प्रहरी प्रवक्ता अधिकारीले बताए । उनले भने, 'योजनाबद्ध ढंगले भएका हत्या घटना कम छन् । तर, आवेशप्रेरित हत्या घटना बढी देखिएको छ ।' तत्काल उठेको रिस थाम्न नसकेपछि आवेशमा आएर गरिने हत्यालाई आवेशप्रेरित हत्या घटना भन्ने गरिन्छ । कोसीमा हुने गरेको अधिकांश हत्या घटना 'आवेशप्रेरित' नै देखिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार यस्ता घटनामा संलग्नमध्ये धेरैचाहिँ आफन्तहरू नै देखिएको छ ।

यसबाहेक लागुऔषधका घटना पनि कोसीमा धेरै हुने गरेको पाइएको छ । यहाँ पछिल्लो चार महिनामा ४६६ वटा लागुऔषधको मुद्दा कोसी प्रदेशमा दर्ता भएका छन् । यसपछि उपत्यकामा २३२ वटा, लुम्बिनीमा २१८ वटा, मधेसमा २१७ वटा, सुदूरपश्चिममा १९४ वटा, बागमतीमा १५४ वटा, गण्डकीमा ९८ वटा र कर्णालीमा ४० वटा लागुऔषधका घटना भएका छन् ।


## युएइमा रोजगार

कम्पनी : AL FAHAD ELECTRICAL SYSTEMS - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ LT. No. 315617 चलानी नं. ६०२२९८५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Transformer Maintenance Technician | 10 | 0 | 1500 | ५५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Industrial Electrician | 6 | 0 | 1500 | ५५,४४० | | | | | | | |
| 3 | Senior Electrician | 4 | 0 | 2000 | ७३,९२० | | | | | | | |
| 4 | Senior Maintenance Supervisor | 2 | 0 | 5000 | १८,४८०२ | | | | | | | |
| 5 | Generator Technician | 5 | 0 | 1500 | ५५,४४० | | | | | | | |
| 6 | Senior UPS Technician | 2 | 0 | 2000 | ७३,९२० | | | | | | | |
| 7 | UPS Technician | 2 | 0 | 1500 | ५५,४४० | | | | | | | |
| 8 | Frequency converter Technician | 3 | 0 | 1500 | ५५,४४० | | | | | | | |
| 9 | Senior Frequency converter Technician | 5 | 0 | 2000 | ७३,९२० | | | | | | | |
| 10 | Helper | 18 | 0 | 800 | २९,५६८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पुस ११ गते (26th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Sama International Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ८६६/०६६/०६७

LALITPUR -07 GARWKO LALITPUR , Nepal.Phone : +977-1-5204072, Fax : +977-1-5204072

Email : allsamaoffice2010@gmail.com, Website : www.alsamainternational.com



## युएइमा रोजगार

कम्पनी : Howdra Employment Services

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ LT. No. 315520 चलानी नं.६०२२९८५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 900 | ३३,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४४,३५० | | | | | | | |
| 3 | Mason | 50 | 0 | 1200 | ४४,३५० | | | | | | | |
| 4 | Steel Fixer | 50 | 0 | 1200 | ४४,३५० | | | | | | | |

कम्पनी : Careerline for Employment

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ LT. No. 315522 चलानी नं.६०२२९८५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 900 | ३३,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४४,३५० | | | | | | | |
| 3 | Mason (Nepal) | 50 | 0 | 1200 | ४४,३५० | | | | | | | |
| 4 | Steel Fixer | 50 | 0 | 1200 | ४४,३५० | | | | | | | |

कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES - LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ LT. No. 315521 चलानी नं.६०२२९८५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 50 | 0 | 1200 | ४४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 30 | 0 | 1300 | ४८,०५० | | | | | | | |
| 3 | Mason / Brick Mason Assistant | 50 | 0 | 1000 | ३६,९६० | | | | | | | |
| 4 | Reinforce Fitter Assistant | 50 | 0 | 1000 | ३६,९६० | | | | | | | |
| 5 | Steel Fixer (Blacksmith) | 20 | 0 | 1200 | ४४,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ११ गते (26th Dec. 2024)

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASIA LINK SERVICES PVT. LTD.**

Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



## साउदीमा रोजगार

कम्पनी : WISAM ALHAWRAA SERVICE APPARTMENT

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ LT. No. 315560 चलानी नं. ६०२२९७९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३६,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ११ गते (26th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Felicity International Employment Agency Pvt.Ltd.** Govt. License 226/058/059

P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu

Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np



## युएइमा रोजगार

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/०१/०६ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/०३ LT. No. . 285043 चलानी नं. ६०२२८२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Officer | 1 | 0 | 1400 | ५१,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 125 | 125 | 1000 | ३६,९६० | | | | | | | |
| 3 | Cleaning Supervisor | 1 | 0 | 1500 | ५५,४४० | | | | | | | |
| 4 | Commercial sales representative | 4 | 0 | 1400 | ५१,७४४ | | | | | | | |
| 5 | Follow up clerk | 1 | 0 | 1400 | ५१,७४४ | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५५,४४० | | | | | | | |
| 7 | Packer | 50 | 50 | 1000 | ३६,९६० | | | | | | | |
| 8 | Purchasing representative | 2 | 0 | 1400 | ५१,७४४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मिति :

पुस २६ बुटवल- हट फास्टफुड र कफी, डिसेम्बर २७- चितवन होटल रेड कार्पेटमा, डिसेम्बर २८- पोखरा बाजेको सेकुवा, डीएफसी २९- झापा होटल सीपी, डिसेम्बर ३०- इटहरी होटल लन्डनमा, डीएफसी ३१ काठमाडौं छ्यो-छ्यो रेस्टुरेन्ट ।

Dec 26 - Butwal- At Hot fast food & coffee, Dec 27- Chitwan At Hotel Red Carpet, Dec 28- Pokhara At Bajeko Sekuwa, Dec 29- Jhapa At Hotel C.P., Dec 30- Itahari At Hotel London, Dec 31 Kathmandu At Xo-xo Restaurant.

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**M.B. HUMAN RESOURCE PVT.LTD.** Govt. License No. 1504/074/75

Basundhara, Kathmandu, Nepal, Contact: +977-1-4016801, Mobile: 9814067324, 9849362405, 9851168891, 9841374012, Email: mbhuman1504@gmail.com, Web: www.mbmanpower.com



## युएईमा रोजगार

कम्पनी : VEGA DIGITAL IT SOLUTIONS LLC

शहर :

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ LT. No. 315537 चलानी नं. ६०२२९७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electricians | 3 | 0 | 1200 | ४४,३५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Messengers | 1 | 0 | 1200 | ४४,३५२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ११ गते (26th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED** Govt. License No. 1694/081/082

Kathmandu, Nepal, Tel: 01-4547203/04, Mobile: 9841980236, 9813929875

E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com



## कुवेतमा रोजगार

कम्पनी : WOW MILKY FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ LT. No. 315555 चलानी नं. ६०२२९८१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 2 | 0 | 150 | ६६,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ११ गते (26th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD** Govt. License No. 1613/079/080

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## कुवेतमा रोजगार

कम्पनी : AL-RAHA INTERNATIONAL SALOON FOR LADIES

पूर्व स्वीकृति मिति : २०८०/१२/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०३ LT. No. 302341 चलानी नं. ६०२१७४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure/pedicure/beautician/nail Technician/hair | 0 | 19 | 150 | ६६,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ११ गते (26th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



## कुवेतमा रोजगार

कम्पनी : AL MODHAYAN INTEGRATED BUILDING CONSTRUCTION CO

पूर्व स्वीकृति मिति : २०८१/०५/०७ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/०३ LT. No. 309337 चलानी नं. ६०२२४०८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason/Tile Worker | 5 | 0 | 130 | ४८,०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पुस ११ गते (26th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dana Human Resource Nepal Pvt. Ltd.** Govt. Lic.No 1692/081/81

Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747

Email Id: danaepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com


# Madane Rural Municipality
## Office of The Rural Municipal Executive
### Purkotdaha, Gulmi

## Invitation for Online Bids

**Date of publication: 2024-12-19 (2081/09/04)**

**Notice No :08/2081/082**

1. Madane Rural Municipality, Purkotdaha, Gulmi invites online bids Under E-Procurement system to the bidders for the Construction of Following Works Under NCB and Sealed Quotation (SQ) Bidding procedure:

| S. N. | Contract Identification Number | Description of Works | Bid Security amount Nrs | Estimated amount with VAT and PS Nrs | Bid Security validity period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | OMDRM-GUL-W-NCB-10-2081/82 | Upgrading of Rolma Ward Karyalaya Bhaikamare Badachaura Abuwa Lohori Raod Project. | 125000 | 4998077.80 | 90 days | 3000 |
| 2 | OMDRM-SQ-G-NCB-01-2081/82 | Procurement of Supply & Delivery of Sanitary Pad at Madane RM | 35000 | 1389960.00 | 75days | 1000 |

2. Date of submission and opening of bids:

| S. N. | Contract Identification Number | Last date of submission of bid | Date of opening of bid | Employers bank account for purchasing of bid document |
|---|---|---|---|---|
| 1 | OMDRM-SQ-G-NCB-01-2081/82 | 2025-01-03 (2081-09-19) at 12:00 | 2025-01-03 (2081-09-19) at 13:00 | Agriculture Development Bank Limited. Purkotdaha, Gulmi Branch Account Name: MADANE GA.PA. Ga.1.1 Internal Revenue A/C No: 0425401499748114 |
| 2 | OMDRM-GUL-W-NCB-10-2081/82 | 2025-01-19 (2081-10-06) at 12:00 | 2025-01-19 (2081-10-06) at 13:00 | |

3. Eligible builders may obtain further information and inspect the bidding document at the office of Madane rural municipality at www.madanemun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Wholly or partially the right to accept or reject the bid document depends on the office of Madane rural Municipality.

# 'निजामती कर्मचारीलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरौं'



**काठमाडौं–** प्रतिनिधिसभाका सदस्यले निजामती कर्मचारीलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने गरी ऐन बनाउनुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा संशोधनकर्ताले कार्यसम्पादनका आधारमा कर्मचारीको पदोन्नति र सरूवा प्रणालीलाई व्यवस्थित गरिनुपर्ने सुझाव दिए ।

समितिले विधेयकलाई संघीय संसद्को आगामी अधिवेशनबाट पारित गर्ने अठोटकासाथ सशोधनकर्ता सदस्यसँग सुझाव लिई दफावार छलफल अघि बढाएको छ। समितिको बुधबारको बैठकमा सांसदद्वय गंगा कार्की र अम्बरबहादुर थापाले निजामती सेवाको निष्पक्षता, तटस्थता र गरिमाको ओज राख्न राजनीतिक हस्तक्षेप हुन नहुने र कार्यसम्पादनका आधारमा पुरस्कार, पदोन्नति र दण्डित गर्ने व्यवस्था ऐनमा समेट्न आवश्यक रहेको बताए ।

उनीहरूले निजामती सेवाको हालको अवस्थामा सुधार नभएमा भ्रष्टाचार अन्त्य र सुशासन कायम गर्न चुनौती हुने धारणा राखे। बैठकमा सांसद किरणकुमार साहले कार्यसम्पादनका आधारमा बढुवा र सरूवालाई अनुमानयोग्य बनाइनुपर्ने बताए। सांसद कुसुमदेवी रानाले अध्ययनका हिसावले तेजिला विद्यार्थी विदेश पलायन भएकाले निजामती सेवाको ओज कायम राख्न तथा अब्बल जनशक्ति भित्र्याउन माथिल्लो तहमा पनि केही प्रतिशत खुलाबाट प्रवेश गर्न सक्ने व्यवस्था गर्न सुझाव दिए।

हाल दफावार छलफलमा रहेको निजामतीसम्बन्धी विधेयकमा १२४ जना सांसदबाट एक हजार ५८३ संशोधन परेको छ। उक्त विधेयकमाथि हालसम्म ४० भन्दा बढी सदस्यले संशोधन औचित्य पुस्टचाइँ गर्दै संशोधनको प्रतिरक्षा गरेका छन्। सांसद विमला सुवेदीले प्रदेश र स्थानीय तहलाई कर्मचारी प्रशासनका क्षेत्रबाट सुदृढ तुल्याउन प्रदेशमा १२औं तहसम्मका कर्मचारी खटाउन सुझाव दिइन् । उनले कर्मचारीको मूल्यांकन कामका आधारमा हुने तथा बढुवाका लागि अंक प्राप्त गर्नमात्र दुर्गम जाने परिपाटी अन्त्य गरिनुपर्ने धारणा राखिन् ।

सांसद जीवन परियारले विधेयकको प्रस्तावनामै समानुपातिक र समावेशीसम्बन्धी विषय किटान गरिनुपर्ने सुझाव दिए । संशोधनकर्ता सांसदले जनतालाई राज्यकातर्फबाट दिइने सेवाप्रवाहलाई सरल, सहज र सुलभ बनाउनुपर्ने आवश्यकतामा जोड दिँदै निजामती कर्मचारी व्यक्तिगत लाभ र आफ्नै सेवासुविधा प्राप्तिमै रूमल्लिरहेकाले हालको अवस्था अन्त्य हुनुपर्ने धारणा राखे ।

सांसद अमनलाल मोदीले राजनीतिक तटस्थतासँगै समानुपातिक र समावेशिताको मर्म विधेयकमा समेटिनुपर्नेमा जोड दिए । उनले भने, 'राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा प्राप्त गर्न झन्झटिलो प्रक्रियालाई अब छरितो र चुस्त बनाउनुपर्छ । मन्त्रालयका उच्च तहका कर्मचारीको मूल्यांकनमा मन्त्रालयको राजनीतिक नेतृत्वको पनि सहभागिता हुनुपर्छ ।'

केही संशोधनकर्ताले राज्यबाट सेवासुविधा लिएका राष्ट्रसेवक कर्मचारी नयाँ सरकार आउनासाथ सरूवा हुने प्रवृत्ति अन्त्य हुनुपर्ने विचार प्रकट गरे । विधेयकमा निजामती सेवामा महिलाको प्रवेश ३७ र पुरूषको ३२ तथा अवकाशको उमेर हद ६० वर्ष प्रस्ताव गरिएको छ । निजामतीभित्र ११ समूह, नौ वटा श्रेणी र १४ सम्म तह रहनेगरी विधेयकमा प्रस्ताव छ । *रासस*

# न्यायालयको काम विश्वसनीय र पारदर्शी बनाउनुपर्नेमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले न्यायालयको गरिमा कायम राख्न विश्सनीयता र पारदर्शिता जरूरी भएको बताएका छन्। न्यायपरिषद्को ३४औं स्थापना दिवसका अवसरमा बुधबार यहाँ आयोजना गरेको कार्यक्रममा प्रधानन्यायाधीश राउतले न्यायालयको गरिमा कायम राख्ने तरिकाले काम गर्नका लागि विश्सनीयता र पारदर्शिता जरूरी भएको बताए ।

'अदालतप्रतिको जनआस्था वृद्धि गर्न सबैले विश्वसनीय र पारदर्शी तरिकाले काम गर्नुपर्छ,' प्रधानन्यायाधीश राउतले भने, 'न्यायालयको गरिमा कायम राख्न सहकार्य जरूरी छ ।' उनले नेपालको न्यायालयको इतिहासमा न्यायालयको मूल्यांकन गर्ने दिन न्यायपरिषद् स्थापना दिवस रहेको र परिषद्को भूमिका र जिम्मेवारी महत्त्वपूर्ण भएको बताए । प्रधानन्यायाधीश राउतले कार्यसम्पादनमा सकारात्मक प्रतिस्पर्धा हुँदा राम्रो हुने र परिषद्को काम कारबाही आगामी दिनमा अझ जिम्मेवार र सक्रिय बनाउने प्रतिबद्धता व्यक्त गरे ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले सर्वोच्च अदालतमा दिनप्रतिदिन मुद्दा बढ्दै गएकाले न्यायाधीश नियुक्तिको प्रक्रिया ढिलाइ गर्न नहुने बताए । 'अबका दिनमा अझ सम्मानजनक ढंगले काम गर्नुपर्छ, बारको आन्दोलनले न्यायाधीश नियुक्त गर्न सकिएन,' उनले भने, 'सहमति र सहकार्यबाट काम गरू तर हप्ता १० दिनभित्रमा न्यायाधीश नियुक्त गरौं ।' उनले कानुन संशोधन गरेर भए पनि न्यायाधीश नियुक्तिको प्रक्रिया रोक्न नहुने स्पष्ट पारे । सर्वोच्च अदालतकी वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले न्यायाधीश नियुक्ति गर्ने र उत्तरदायी बनाउने निकाय परिषद् भएको बताइन् । 'स्वतन्त्र, सक्षम, निष्पक्ष न्यायाधीश उत्पादन गर्ने निकाय हो,' उनले भनिन्, 'परिषद्जस्तो स्थानलाई अझ उत्तरदायी र पारदर्शी बनाउनुपर्छ ।'

न्याय परिषद् सदस्य रामप्रसाद भण्डारीले परिषद्को काम नै न्यायाधीश नियुक्तिका लागि सिफारिस गर्ने भएकाले नेपाल बार एसोसिएसन र परिषद्बीच असहमति भए सहमतिको बिन्दुमा पुग्नुपर्नेमा जोड दिए । परिषद्ले नराम्रो काम गर्नेलाई निर्मम तरिकाले कारबाही र राम्रो काम गर्नेलाई सम्मान गर्नेजस्तो काम गर्दै आएको र न्यायाधीश नियुक्ति प्रक्रियालाईसमेत रोक्न नहुने उनको भनाइ थियो ।

महान्यायाधिवक्ता रमेश बडालले जिल्ला न्यायाधीशको परीक्षा लिएर परीक्षाको नतिजा आउनेबित्तिकै नियुक्ति प्रक्रिया सुरू गर्नुभन्दा परीक्षा प्रणालीलाई नै नियमित गर्नुपर्ने सुझाव दिए । उनले न्याय प्रशासन ऐनमा भएको 'अस्थायी इजलास' लाई 'अतिरिक्त अदालत' उपयुक्त हुनेसमेत सल्लाह दिँदै परिषद्को ऐनमा भएका कुरा कार्यान्वयन गरेर जानुपर्ने नत्र ऐन संशोधन गरेर जानुपर्ने बताए ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले परिषद्को कामलाई थप प्रभावकारी बनाएर जानुपर्ने र न्यायाधीश नियुक्ति गर्दा पारदर्शीता अपनाउनुपर्नेमा साथै खबर आचरण देखिएका कारबाही समेत गरेर जानुपर्ने बताए । कार्यक्रममा वर्ष उत्कृष्ट न्यायाधीश, २०८१ बाट उच्च अदालत वीरगञ्ज अस्थायी इजलासका न्यायाधीश निर्मला शाक्य र पर्सा जिल्ला अदालतका न्यायाधीश दीपक खनाललाई प्रधानन्यायाधीश राउतले सम्मान गरेका थिए । साथै, प्रधानन्यायाधीश राउतले न्यायपरिषद् बुलेटिन, २०८१ कोसमेत विमोचन गरेका थिए । वि.सं. २०४७ पुस ३ गते न्यायपरिषद्को पहिलो बैठक बसेर छुट्टै कार्यालय स्थापना गर्ने निर्णय भएको थियो । सोही दिनको सम्झनामा हरेक वर्ष न्यायपरिषद् दिवस पुस ३ गते मनाउने गरिन्छ ।


**Sudurpashchim Province Government**

**Ministry of Physical Infrastructure Development**

## Patharaiya Mohana Irrigation Management Office

**Dhangadhi, Kailali**

## Notice Of Invitation For Online Bids

***(First Publication Date: 2081/09/04)***

1. Patharaiya Mohana Irrigation Management Office, Dhangadhi, Kailali invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures for the following works:

| S. N. | IFB No. | Description of works | Bid validity period in days/Bid security validity period in days | Estimated Amount With VAT (NRs) | Bid Security Amount in (NRs.) | Bid Document Fee (Non-Refundable) (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | PMIMO/NCB//WORKS/04/2081-082 | Canal Maintenance and Essential Structure Construction Work in Bani IS | 90 /120 | 16064913.75 | 410000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Patharaiya Mohana Irrigation Management Office, Dhangadhi, Kailali; Tel: 091-526341 or may visit PPMO **website www.bolpatra. gov.np/egp**

**Office Chief**




## श्रीकुष्मावती बचत तथा ऋण सहकारी संस्था लि.

**काठमाण्डौ-३२, विद्यानगर, जडिबुटी**

## कर्जा चुक्ता गर्नेबारे ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१/०९/०४

यस सहकारी संस्थाका देहाय बमोजिमका ऋणीहरुले यस संस्थाबाट ऋण लिंदा गरिएको लिखत शर्तनामानुसार लिएको कर्जाको समयमा साँवा ब्याज भुक्तानी नगरी शर्तको उलंघन गरिएकोले संस्थाबाट समय समयमा पत्राचार, फोन तथा प्रत्यक्ष सम्पर्क गरी बारम्बार ताकेता गर्दा समेत वेवास्ता गरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाएकाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको ३५ दिन भित्र यस संस्थालाई बुझाउन पर्ने सावाँ,ब्याज लगायत संम्पूर्ण बाँकी बक्यौता एकमूष्ठ चुक्ता गरी फछ्र्यौट गर्नु गराउनु हुन सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एवं सम्बन्धित सवैलाई यसै सूचानाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता नगरेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकेमा वा आंशिक असुल भै बाँकी रहन गएमा ऋणी तथा जमानत दिने ब्यक्तिको आफ्नै वा एकाघर संगोलको वा परिवारको नाममा नेपालभर रहेको अन्य चल अचल सम्पती जायजेथा समेतबाट सहकारी ऐन, नियमावली, संस्थाको विनियम, नीति तथा प्रचलित कानून वमोजिम लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाको सम्पूणं बाँकी लेना रकम असुलउपर गरिलिने तथा ऋणी, धितोवाला र जमानीकर्तालाई कालो सूचिमा समावेश गर्ने प्रकृया अगाडि बढाईने ब्यहोरा ऋणी, धितोवाला, जमानीकर्ता तथा सम्बन्धित सवैलाई यसै सूचनाबाट सूचित गरिन्छ । साथै, बाँकी साँवा ब्याज असुलउपर गर्न लागेको सम्पूर्ण खर्च सम्बन्धित ऋणीबाट नै असुलउपर गरिने जानकारी समेत गराईन्छ ।

| क्र.सं. | ऋणी/जग्गाधनी/ब्यक्तिगत जमानीकर्ताको विवरण | फोटो |
|---|---|---|
| १. | ऋणी तथा जग्गाधनीको नाम : रुपा गोले शे.स.नं.: ५४३, ना.प्र.नं.:२०८८५, २०५८।१।२० दोलखा, सा.ठेगाना: नाम्दु २, हाल काठमाण्डौ जिल्ला, का.म.पा. ३२, विद्यानगर जडिबुटी पतिको नाम : चरित्र कृष्ण गोले, बाबुको नाम: बखत बहादुर कुँवर, ससुराको नाम: धन बहादुर गोले । धितो विवरण: रुपा गोलेको नाममा मालपोत कार्यालय काठमाण्डौ, डिल्लीबजारमा दर्ता श्रेष्ता कायमरहेको काठमाण्डौ जिल्ला साविक काठमाण्डौ महानगरपालिका वार्ड न. ३५ (क) स्थित कि.नं. ५७ क्षेत्रफल ९७.३८ व.मि. र कि.नं. ६२ क्षेत्रफल १.९८ ब.मि. को रैकर आवादि जग्गा र सो मा निर्मित पक्की घर समेत जमानी बस्ने : चरित्रकृष्ण गोले, दोलखा जिल्ला, नाम्दु २ स्थायी ठेगाना भै हाल का.म.पा. ३२, जडिबुटी बस्ने |  |
| २. | ऋणीको नाम : चरित्र कृष्ण गोले, शे.स.न.५४५, ना.प्र.नं.११७२, दोलखा, २०४६।८।९ सा.ठेगाना: नाम्दु २, हाल भिमेश्वर न.पा.६, दोलखा जिल्ला, हाल बसोवास: काठमाण्डौ जिल्ला का.म.पा. ३२ विद्यानगर,जडिबुटी, पत्नीको नाम: रुपा गोले, बावुको नाम: धन बहादुर गोले, बाजेको नाम: तखत बहादुर गोले । जमानी तथा जग्गाधनीको नाम: रुपा गोले शे.स.नं.: ५४३, ना.प्र.नं.:२०८८५, २०५८।१।२० दोलखा, सा.ठेगाना: नाम्दु २, हाल काठमाण्डौ जिल्ला, का.म.पा. ३२, विद्यानगर जडिबुटी । धितो विवरण: रुपा गोलेको नाममा मालपोत कार्यालय काठमाण्डौ, डिल्लीबजारमा दर्ता श्रेष्ता कायमरहेको काठमाण्डौ जिल्ला साविक काठमाण्डौ महानगरपालिका वार्ड न. ३५ (क) स्थित कि.नं. ५७ क्षेत्रफल ९७.३८ व.मि. र कि.नं. ६२ क्षेत्रफल १.९८ ब.मि. को रैकर आवादि जग्गा र सो मा निर्मित पक्की घर समेत |  |
| ३. | ऋणीको नाम : राजु कुँवर, शे.स.नं.: ५४४, ना.प्र.नं.२२ १२५३/३४२५ दोलखा, २०५१।१२।५ सा.ठेगाना: माटी ८, दोलखा जिल्ला, हाल भिमेश्वर न.पा. ६ र हाल बसोबास का.म.पा ३२, काठमाण्डौ ।पत्नीको नाम: कलावती कुँवर, बावुको नाम: बखत बहादुर कुँवर, बाजेको नाम : कर्ण बहादुर कुँवर । जमानी तथा जग्गाधनीको नाम: रुपा गोले शे.स.नं.: ५४३, ना.प्र.नं.:२०८८५ २०५८।१।२० दोलखा, सा.ठेगाना: नाम्दु २, हाल काठमाण्डौ जिल्ला, का.म.पा. ३२, विद्यानगर जडिबुटी धितो विवरण: रुपा गोलेको नाममा मालपोत कार्यालय काठमाण्डौ, डिल्लीबजारमा दर्ता श्रेष्ता कायमरहेको काठमाण्डौ जिल्ला साविक काठमाण्डौ महानगरपालिका वार्ड न. ३५ (क) स्थित कि.नं. ५७ क्षेत्रफल ९७.३८ व.मि. र कि.नं. ६२ क्षेत्रफल १.९८ ब.मि. को रैकर आवादि जग्गा र सो मा निर्मित पक्की घर समेत । |  |
| ४. | ऋणीको नाम : डम्बर प्रसाद सिवाकोटी शे.स.नं:३५२ ना.प्र.नं:२२ २०२३ दोलखा, २०३८।१।८, सा.ठेगाना: सुनखानी७, हाल कालिन्चोक गा.पा. ८ दोलखा । हाल बसोवास का.म.न.पा. ३१, बावुको नाम: शिव प्रसाद सिवाकोटी, बाजेको नाम: लक्ष्मी प्रसाद सिवाकोटी । जमानी तथा जग्गाधनीको नाम: रेवती सिवाकोटी, शे.स.नं.: ५६१, ना.प्र.नं.:१३ २०४३।४।२४ काठमाण्डौ, सा.ठेगाना: का.न.पा ९, बतीसपुतली, हाल का.म.न.पा. ३१, धितो विवरण: (१) रेवती सिवाकोटीको नाममा पशुपति क्षेत्र विकास कोष अमालकोट कचहरी कार्यालयमा दर्तावाला मोहीदर्ता प्रमाण-पूर्जा (पुरा हक हिस्सा भएको) रहेको काठमाण्डौ जिल्ला साविक का.म.न.पा. १०, कि.नं. ७०८ क्षेत्रफल ९५.३७ ब.मी. र उक्त जग्गामा रहेको पक्की घर समेत (२) डम्बर प्रसाद सिवाकोटीको नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेष्ता कायम रहेको साविक (क) सपही गा.वि.स. १ कि.नं. १२१५, क्षेत्रफल १३५४.५२ ब.मी. रैकर निजी जग्गा र (ख) कोल्हवी गा.वि.स. ३ कि.नं. १५६, क्षेत्रफल ३३८६.३० ब.मी. रैकर निजी जग्गा |  |
| ५. | ऋणीको नाम : रेवती सिवाकोटी, शे.स.नं.: ५६१, ना.प्र.नं.:१३, २०४३।४।२४ काठमाण्डौ, सा.ठेगाना: का.न.पा ९, बतीसपुतली, हाल का.म.न.पा. ३१, बावुको नाम: विष्णुराज खरेल, बाजेको नाम: खडानन्द खरेल, पतिको नाम: डम्बर प्रसाद सिवाकोटी । जमानी बस्नेको नाम: डम्बर प्रसाद सिवाकोटी, शे.स.नं.: ३५२, ना.प्र.नं.:२२ २०२३ दोलखा, २०३८।१।८ सा.स्थायी ठेगाना: सुनखानी७, दोलखा, हाल का.म.न.पा. ३१ बस्ने, धितो विवरण: (१) रेवती सिवाकोटीको नाममा पशुपति क्षेत्र विकाश कोष अमालकोट कचहरी कार्यालयमा दर्तावाला मोहीदर्ता प्रमाण-पूर्जा (पुरा हक हिस्सा भएको) रहेको काठमाण्डौ जिल्ला साविक का.म.न.पा. १०, कि.नं. ७०८ क्षेत्रफल ९५.३७ ब.मी. र उक्त जग्गामा रहेको पक्की घर समेत (२) डम्बर प्रसाद सिवाकोटीको नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेष्ता कायम रहेका साविक (क) सपही गा.वि.स. १ कि.नं. १२१५, क्षेत्रफल १३५४.५२ ब.मी. रैकर निजी जग्गा र (ख) कोल्हवी गा.वि.स. ३ कि.नं. १५६, क्षेत्रफल ३३८६.३० ब.मी. रैकर निजी जग्गा |  |
| ६. | ऋणीको नाम: विवेक प्रसाद सिवाकोटी, शे.स.नं.: ५६२, ना.प्र.नं.:२२ ४१५३० २०६२।५।५ दोलखा, स्थायी ठेगाना: साविक सुनखानी ७, हाल कालिन्चोक गा.पा. ८ दोलखा, हाल का.म.न.पा. ३१, बावुको नाम: डम्बर प्रसाद सिवाकोटी, बाजेको नाम: शिव प्रसाद सिवाकोटी । जमानी तथा जग्गाधनीको नाम: रेवती सिवाकोटी, शे.स.नं.: ५६१, ना.प्र.नं.:१३ २०४३।४।२४ काठमाण्डौ, सा.ठेगाना: का.न.पा ९, बतीसपुतली, हाल का.म.न.पा. ३१, धितो विवरण: (१) रेवती सिवाकोटीको नाममा पशुपति क्षेत्र विकाश कोष अमालकोट कचहरी कार्यालयमा दर्तावाला मोहीदर्ता प्रमाण-पुर्जा (पुरा हक हिस्सा भएको) रहेको काठमाण्डौ जिल्ला साविक का.म.न.पा. १०, कि.नं. ७०८ क्षेत्रफल ९५.३७ ब.मी.र उक्त जग्गामा रहेको पक्की घर समेत (२) डम्बर प्रसाद सिवाकोटीको नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेष्ता कायम रहेको साविक (क) सपही गा.वि.स. १ कि.नं. १२१५, क्षेत्रफल १३५४.५२ ब.मी. रैकर निजी जग्गा र (ख) कोल्हवी गा.वि.स. ३ कि.नं. १५६, क्षेत्रफल ३३८६.३० ब.मी. रैकर निजी जग्गा |  |
| ७. | ऋणीको नाम : ढाल बहादुर खत्री, शे.स.नं.: ४८३, ना.प्र.नं.: ६६२७/४७२, २०५३।१०।०३ दोलखा, स्थायी ठेगाना: साविक बोच गा.वि.स. ४, हाल भिमेश्वर नगरपालिका-८, हाल बसोवास का.म.न.पा. ३२,विद्यानगर, जडिबुटी । बावुको नाम: कृष्ण बहादुर खत्री, बाजेको नाम : जित बहादुर खत्री । जमानी बस्नेको नाम: सानु खत्री, शे.स.नं.: ५२१ ना.प्र.नं.:२३३१८, २०३७।४।१६ दोलखा, सा.ठेगाना: बाच-४, दोलखा, हाल बसाई का.म.न.पा.३२, विद्यानगर, जडिबुटी । बुवाको नाम: चन्द्र बहादुर बस्नेत, पतिको नाम : ढाल बहादुर खत्री धितो विवरण: (१) ढाल बहादुर खत्रीको नाममा मालपोत कार्यालय शाँखु, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको साविक साल्खा गा.वि.स. वडा नं. ९ स्थीत कि.नं. ४२५ क्षेत्रफल २०६.६४ ब.मी.को रैकर निजी जग्गा र सोमा बन्ने घर टहरा समेत । |  |



## धनपालथान गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**सोराभाग, मोरङ**

**कोशी प्रदेश, मोरङ**

## बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना

**(सूचना प्रकाशन मिति २०८१/०९/०४)**

यस धनपालथान गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८१/०६/३० गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बिधुतिय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित निर्माण कार्यका लागि रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन समितिले मूल्यांकन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही रहेका बोलपत्रहरु मूल्यांकन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

| क्र. सं. | ठे.नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | DPTRM/SBG/NCB/WORK-४/०८१/०८२ | ठनठनिया हनुमान मन्दिर देखि भवानीपुर हुदै पैटा पिपलचोक सम्म सडक स्तरोन्ती तथा कालोपत्रे (तेस्रो खण्ड) धनपालथान-२ | श्री जे.के. निर्माण सेवा जहदा-४ मोरङ्ग | रू. ५९,५०,९५९।२५ |
| २ | DPTRM/SBG/NCB/WORK-६/०८१/०८२ | हरेराम मण्डलको घर देखि पूर्व वडा कार्यालय हुदै धनपालथान गाउपालिका जाने बाटो सम्म कालोपत्रे र चौराई मण्डलको घर देखि आनन्द मन्दिर हुदै बरियाती पशुपति मण्डलको घर सम्मको बाटो कालोपत्रे गर्ने धनपालथान-४ | श्री एभियन कन्स्ट्रक्सन धनगढीमाई-१२ सिराहा | रू. ५७,९६,२३५।५० |
| ३ | DPTRM/SBG/NCB/WORK-१०/०८१/०८२ | कदमाहा नोचा सडकको नोचा खण्ड अधुरो सडक कालोपत्रे र राम प्रसाद मण्डलको घर देखि दक्षिण दुर्गापुर हुदै गडेरिया सिमाना सम्म सडक कालोपत्रे र अजय घुटरको घर देखि रामानन्द चौधरीको घर हुँदै जहदा गा.पा. जोड्ने बाटोमा कालोपत्रे धनपालथान-१ | श्री स्नेहा निर्माण सेवा बिराटनगर-१३ | रू. ५०,०७,७६५।- |
| ४ | DPTRM/SBG/NCB/WORK-११/०८१/०८२ | सजिर मियाँको घर देखि मुस्ताक मियाँको घरसम्मको बाटोमा कालोपत्रे र सफाल घर देखि पश्चिम जाने बाटोमा कालोपत्रे धनपालथान-७ | श्री आकृति कन्स्ट्रक्सन रंगेली-५ मोरङ्ग | रू. १७,७९,५८०।५० |
| ५ | DPTRM/SBG/NCB/WORK-१२/०८१/०८२ | महेश्वर राय घर देखि हनुमान मन्दिर सम्मको सडक कालो पत्रे धनपालथान-६ र रवि लाल मरण्डी घर देखि दक्षिण जाने सडक कालो पत्रे धनपालथान-६ | सेलेक्ट कन्स्ट्रक्सन प्रा.ली. काठमाण्डौ | रू. ६१,८८,८६२।०६ |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आप्रवासी श्रमिकको अधिकारमा ध्यान देऊ

पछिल्ला दिनहरूमा मानिसहरूको जीवन आप्रवासनमा बित्न थालेको छ । रोजगारीको सिलसिलामा होस् या अध्ययन, मानिसहरू आप्रवासनमा भिज्न थालेका छन् । कुनै बेला आफ्नो थातथलो छाड्न डराउने मानिस गाउँ हुँदै सहर, सहर हुँदै विदेश यात्रामा निस्कन थालेका हुन् । नेपालमा यस्तो आप्रवास वैदेशिक रोजगारी र अध्ययनको क्रमसँगै बढ्दो छ । अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेसिनेको भीड देख्न सकिन्छ ।

नेपालको अर्थतन्त्रलाई गतिशील बनाउन प्रमुख माध्यम नै यही वैदेशिक रोजगारी हो । अर्थतन्त्रको मेरुदण्ड नै यसलाई मानिन थालिएको अवस्था छ । आर्थिक वर्ष २०८०/८१ मा गत आर्थिक वर्षको तुलनामा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई १४ खर्ब ४५ अर्ब ३२ करोड रूपैयाँ नेपाल भित्रिएको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरै सात लाख ४१ हजारभन्दा बढी (पुनः श्रम स्वीकृतिसहित) वैदेशिक रोजगारीमा गएका छन् ।

अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)द्वारा प्रकाशित विश्व आप्रवासन प्रतिवेदन, २०२४ अनुसार विश्वभर करिब २८ करोड बढी मानिस आप्रवासीका रूपमा रहेका छन् । जसमध्ये आप्रवासी श्रमिकको संख्या १६ करोड बढी छन् । नेपालमा पनि विभिन्न कारण अन्य देशका आप्रवासी श्रमिक आइपुगेका छन् । यसै सन्दर्भमा बुधबार अर्थात् डिसेम्बर १८ मा अन्तर्राष्ट्रिय आप्रवासी दिवस मनाइएको छ । संयुक्त राष्ट्रसंघले सन् १९९० डिसेम्बर १८ मा आप्रवासी श्रमिक र तिनका परिवारका सदस्यको अधिकार संरक्षणसम्बन्धी महासन्धि पारित गरेको दिनको सम्झनामा विश्वभर अन्तर्राष्ट्रिय आप्रवासी दिवस मनाएको हो ।

संयुक्त राष्ट्रसंघको आह्वानमा आप्रवासनका चुनौती र अवसरका बारेमा चेतना जगाउन र विश्वभरका आप्रवासीको योगदानलाई मान्यता दिन विश्वव्यापीरूपमा यो दिवस मनाउँदै आइएको छ । दिवसको सन्दर्भ पारेर नेपालमा 'सुरक्षित आप्रवासनका आधार, सूचना र सीपसहितको रोजगार' भन्ने नाराका सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक सामाज र आप्रवासी श्रमिक तथा तिनका परिवारको सहभागितामा सप्ताहव्यापी कार्यक्रम आयोजना गरिँदै छ ।

वर्तमान समयमा आप्रवासन समाजको अभिन्न आयाम बन्न पुगेको छ । यसका विभिन्न कारणमध्ये गरिबी, युद्ध, आन्तरिक द्वन्द्व तथा असुरक्षा, जलवायु परिवर्तनको असर, काम तथा रोजगारीको खोजी, विश्वव्यापीकरण एवं सूचना तथा सञ्चार प्रविधिको तीव्र विकासलाई लिने गरिएको छ । मुख्यतः अबको आप्रवासन सुरक्षित हुनुपर्दछ । यसलाई संयुक्त राष्ट्रसंघदेखि सरकारदेखि सरकारसम्मले हरेक रूपमा स्वास्थ्य, शिक्षा र सुरक्षाका विषयमा आप्रवासी श्रमिकलाई सम्बोधन गर्नुपर्दछ ।

## मनन्योग्य

### चाणक्य नीति

'धर्मको गति बुझ्निसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् ।

विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ । साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ । सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

# मध्यपुर थिमीदेखि नदे वोदेसम्मका सम्पदा



■ पदम श्रेष्ठ

> थिमीका आठ विहारमध्येमा पर्छ, हेमवर्ण महाविहार त:बहा: । सडकछेउ प्यागोडा शैलीयुक्त लुकुवाद्यो, १०८ लोकेश्वर महाविहारको प्रत्येक वर्ष जेष्ठ शुक्ल पारूको दिन न्हव महास्नान हुने गर्दछ । यहाँ साउन कृष्ण त्रयोदशीको दिन थिमी क्षेत्रको नीलवर्ण महाविहार, दिगुगुणकीर्ति महाविहार र हेमवर्ण महाविहार त:बहाका बुद्ध प्रदर्शन गरी महादान गराइन्छ । लोकेश्वर अगाडि ने.सं. ९८८ मा चैत सिमनरसिं बज्राद्वारा निर्मित र ने.सं. ६८५ मा भक्तपुरका राजा त्रैलोक्य मल्लकालमा कुण्डलसिंह प्रधानले देवतालाई पाँच रोपनी जग्गा चढाएको उल्लेख गरिएको पाइन्छ ।

औंठीको मुंगारुपि मध्यपुर थिमीलाई बालकुमारीदेखि दक्षिण बाराहीसम्मको सम्पदास्थलको रूपमा विवेचना गर्न सकिन्छ । यें, काठमाडौंवासीलाई यँमी, ख्वप:, बनेपावासीलाई भ्वमीँ, सक्व-साँखुवासीलाई सक्वमी भनिएझैं 'थि' अथवा मध्यपुरवासीलाई थिमीँलेबाट बुझ्दछौं । नेपालभाषामा औंठीको बीच राखिने मुंगालाई 'थि' भनिन्छ । लिच्छवीकालीन ६७० पछि अस्तित्वमा आए पनि मध्यपुर थिमीलाई ने.सं. ६३३ मा राजा सुवर्ण मल्लले व्यवस्थित गराएको बताइन्छ । काठमाडौंबाट १० किलोमिटर पूर्व तव्याखुसी (हनुमन्ते) र उत्तर मनोहरा नदीले सिमाना निर्धारण गर्दछ । बालकुमारी, चपाचो, नगदेश, बोडे र लोंहकिलथलीसहित मध्यपुर नगरी ११.४७ वर्ग किलोमिटरमा फैलिएको तथ्य पाइन्छ ।

वाछु, तछु, इनाय, ब्वथा, इथु, पमा, इनाम, झाम नाउँको थिमी बस्तीकी आराध्यदेवी बालकुमारी प्रवेश गर्नुअघि शंखधर साख्वालको सालिक प्रवेश ध्वाखाबाट सुरु हुन्छ ।

### दक्षिण बाराही

किरातकालमा थेमृङ भनिने देशको रक्षार्थ तव्याखुसी हनुमन्ते नदीमा स्थापित दक्षिणबाराही अष्टमातृका पीठमध्ये एक हो । ने.सं. ६३३ मा राजा सुवर्ण मल्लले देश व्यवस्थित गर्न बाराहीपीठ भजन, भोज गर्ने पाटी ने.सं. ९२५ अभिलेखसहितका छन् । ढुगेंसिंहको पहरा मञ्जुश्रीको खड्ग, पीठमा वैशाख २ गते बालकुमारी जात्रामा पर्व पर्दछ ।

### पीठका महापीठ बालकुमारी

मध्यपुरको चोडेमा महालक्ष्मी, नान्सिकोमा ब्रह्मायणी, युथमा कुमारी, सुगांमा वैष्णवी (विष्णु देवीवीर), सुनायमा इन्द्रायणी, इनाकोमा चामुन्डा (सिद्धकाली) क्वाछेंमा बाराही, जलांमा रूद्रायणी भनिएझैं पीठसँगै आठ ध्वाखा पनि थिए । ती आठ ध्वाकामा ध्वाकासि, तापा, जलाखु, इकुडोल, केकुतां, इनायको, लाभाहिटी, नासननी र फाकुडोल छन् । ती आठ ध्वाखासँगैको अष्टमातृका पीठमध्ये बालकुमारीलाई महापीठ भन्ने गरिन्छ । इष्टदेवी बालकुमारीलाई सिद्धिपुर पाटन थसिगाउँकी छोरीका रूपमा लिइन्छ । विवाहपछि माइतीमा आफन्त कोही नभएको कारण कुलदेवतालाई धान सुकाउने खलान बलामा प्रतिष्ठापित गराइन् । कालान्तरमा सबैले वला (धान सुकाउने खलान)मा स्थापित कुमारीलाई बालकुमारी भनिए । राजा यक्ष मल्लको राज्यकाल ने.सं. ५३६ देखि ५४० भित्र यो मन्दिरको तीनतले धातुछाने आकृति बनेको खुल्दछ । सादा ढुंगा पुजिने बालकुमारीको वैशाख १ गते पञ्चबलिसहित विष्णुवीर, दक्षिण बाराही, हिचोद्यो (हरिसिद्धि), पिंथु गणेश, थासमा गणेश, दथु गणेश, वामुने गणेश, राज गणेशसहित ३२ खट जात्रा हुने गर्छ ।

### विष्णुवीर वैष्णवी पीठ

३२ खटको विष्काजात्रामा मृत्युबाजा (सी बाजा) बजाएर देवखट उठाइने विष्णुवीर पीठ अष्टमातृकामध्ये एक हो । घण्टाकार चतुष्कोण मन्दिरअगाडि गरूड मानव, ढुंगेमूर्ति छेपु सार्दुल तोरण वरिपरि फल्चा पाटी छ । भनिन्छ- विष्णुवीरको ढोका काठमाडौं फर्काएका बेला भक्तपुरेले काठमाडौंलाई कहिल्यै हराउन सकेनन् र तान्त्रिकको सल्लाहमुताविक जब ढोका भक्तपुरतर्फ फर्काइयो काठमाडौंकाले भक्तपुरेलाई युद्धमा कहिल्यै हराउन सकेनन् रे भन्ने लिच्छवीकालीन शिलापत्रमा उल्लेख छ ।

### १०८ लोकेश्वर हिरण्यवर्ण, (हेमवर्ण) महाि(वहार त:बहा:

थिमीका आठ विहारमध्येमा पर्छ, हेमवर्ण महाविहार त:बहा: । सडकछेउ प्यागोडा शैलीयुक्त लुकुवाद्यो, १०८ लोकेश्वर महाविहारको प्रत्येक वर्ष जेष्ठ शुक्ल पारूको दिन न्हव महास्नान हुने गर्दछ । यहाँ साउन कृष्ण त्रयोदशीको दिन थिमी क्षेत्रको नीलवर्ण महाविहार, दिगुगुणकीर्ति महाविहार र हेमवर्ण महाविहार त:बहाका बुद्ध प्रदर्शन गरी महादान गराइन्छ । लोकेश्वर अगाडि ने.सं. ९८८ मा चैत सिमनरसिं बज्राद्वारा निर्मित र ने.सं. ६८५ मा भक्तपुरका राजा त्रैलोक्य मल्लकालमा कुण्डलसिंह प्रधानले देवतालाई पाँच रोपनी जग्गा चढाएको उल्लेख गरिएको पाइन्छ ।

### लाय्कू दरबार

आदर्श हाइस्कुल रहेको थिमी दरबारलाई लाय्कू भनिन्छ- जहाँ दांछिया बगला व गुफा जाकी (चार भागको एक पैसा नगदबाट चार पाउ राँगाको मासु र आठ पाथी चामल) दरबारिया प्रधानलाई ठिमीले व्यापारीहरूले गठामुंगलको दिन कर दिनुपर्थ्यो । जहाँ राजा नरेन्द्रदेवका चार भाइ छोरामध्ये कान्छाले राज्य गर्दथे । जेठा वन्धुदत्त विहार तेबहालमा, माइला हिरण्यवर्ण पाटनमा, साहिँला क्वाथण्डौं विहार भक्तपुरमा राखी नरेन्द्रदेवले बाँकी जीवन



नाला विहारमा बिताएको भनाइ प्रख्यात् रहेको पाइन्छ । भनिन्छ, हात्ती छिर्ने ढोकामा सिंकुचा र फिंकुचा तलेजु पनि रहेका छन् ।

### नुगुदेगु (निगुपुखु)

इलाननीको कन्या गंगा भुलाइले भक्तपुरका राजा विश्व मल्लसँग विवाहको प्रमाणस्वरूप ने.सं. ६७९ मा थिमीमा पोखरी निर्माण गराइन् । सुरूमा पोखरी एउटै भए पनि दिगुली ताहाननी र चोयरे बस्तीमा जनघनत्व बढ्दै जाँदा लास लैजान र ओहोरदोहोर गर्न अप्ठ्यारो महसुस गरी बीचमा बाटो बनाएपछि निगुपुखु भनियो । हाल पानीविहीन पोखरी नगरपालिकाले पुनर्निर्माण गरी हरियालीपूर्ण बनाएको छ ।

### भैरव तथा दिगुद्यो

शाक्त र शाक्तिको एकैस्वरूप थिमी मूल सडकमा दिगुद्यो भैरवको मन्दिर छ । ने.सं. ९९३ र १०१० ताम्रपत्र रहेको २२ खटजात्रामा सहभागी हुने राजगणेशसँगै भैरव मन्दिर छ । प्यागोडा शैलीको धातु छानायुक्त छ ।

### दिगु बहा: (गुणकीर्ति महाविहार)

दिपंकर बुद्धप्रति समर्पित दिगुवहाल ने.सं. ६८४ र ६८९ का दुई स्वर्णलेपनयुक्त छ । लिच्छवीकालीन चैत्यसहितको विहार ने.सं. ८०८ मा दण्डपाणी बज्राचार्यले जीर्णोद्वार गराइ आफ्नै शालिक राख्न लगाएका थिए । ढोकाको दुई ढुंगे सिंह तीनतले नेवारी कलायुक्त विहारभित्र महाँकाल अशोक चैत्य, धर्मधातु र गुरू पद्मसम्भव छन् । भनिन्छ, ने.सं. ८८८ मा गोरखाका राजा पृथ्वीनारायण शाहको पक्षमा विहारका दण्डपाणी थिए भने अन्य राजा रणजित मल्लका पक्षधर । एकीकरणपछि यस विहारका अन्य बज्राचार्यलाई विहारबाट निकालिएका थिए ।

### हेरनील वर्ण महाविहार (याचिंबहा:)

कुतिचिभा: टोलको याचि बहा:, विवाह, व्रतबन्ध, इही गर्दा क्षमापूजा गर्ने विहार हो । हेरनीलवर्ण विहार (याचिंबहा:) तीनतले अक्षोभ्य बुद्ध विहार हो । दसैंमा पायो निकालिने विहार हो ।

### चपाचो गणेश माटोका भाँडा

काठमाडौंको माटाका भाँडाकुँडा बनाउने पोटर स्क्वायर ज्याठा, भक्तपुरको ताक्लाक्वजस्तै मध्युपुर थिमीकों चपाचो हो । चपाचो प्रजापति नेवारको वस्ती भाँडा बनाउने खुला ठाउँलाई चंग: पाचो नै चपाचो हो । थिमी ब्रह्मननिमा ठडिएको ब्राह्मीलिपियुक्त शिलापत्रले लिच्छवीकालमै बस्ती बसिसकेको प्रमाणित हुन्छ ।

### सिद्धकाली देवस्थल

ने.सं. ६३३ मा राजा सुवर्ण मल्लद्वारा स्थापित अष्टमातृका पीठ सिद्धकालीलाई इनाय द्यो भनिन्छ । गणेश मूल रहेको दुईतले धातुछाने प्यागोडा शैलीयुक्त छ । एक समय भूत, प्रेत, पिचास आदि शक्तिले अनेक लीला देखाउँथ्यो । एकरात उट्पटचाङ केटाहरू मिली देवगण भाले बासेको स्वर निकालेछन् । अबेर भएछ भन्दै देवगण ढुंगामा अलप भएछन् । भनिन्छ, भालेको स्वर निकाली छक्याउने गोङग श्रेष्ठ भनिए ।

### हेरनील वर्ण विहार (कुतिचिभा:)

दीपकंर बुद्ध समर्पित कुतिचिभा: विहारलाई याचि बहा: नाउँले चिनिन्छ । बज्राचार्यले विवाह व्रतबन्धमा हाजिरी पूजा गर्ने विहारलाई याचिंबहा: भनिए । चारैतिर फल्चा, विहारभित्र टेराकोटा शैलीको चैत्य छ । ढोकाको दायाँबायाँ सुगा, मयूर र पूर्णकलशयुक्त चित्रांकित छन् । दोस्रो तलामा तीनवटा तिकिझ्चा: र बीचमा बुद्धबज्र छ भने तेस्रो तल्लामा सामन्त भद्र अंकित छ ।

### हेरसुवर्ण विहार

हेरसुवर्ण, न्हूबहा: ने.सं. ९८३ मा राजा सुरेन्द्र वीरविक्रम शाह र जंगबहादुरको कार्यकालमा दानपति चतुरवीरले निर्मित बताइन्छ । परम्परागत घर चोकबीच ढुंगेचैत्य विहारमा क्वापा:द्यो छ ।

### जेतवन कस्मातुंथी दथु बहा:

ने.सं. ८३२ कालीन राजा भूपतिन्द्र मल्लको राज्यकालमा दानपति कल्याण सिंहद्वारा निर्मित जेतवन विहार, कास्मातुन्थीमा छ । तीनतले क्वापाछेंबीच ढुंगेचैत्य अक्षोभ्य लोकेश्वर मैत्रीय बुद्धबाट सिंगारिएको छ ।

### पूर्वस्थित जिस्वाँ बहा:

स्वगाँ पुखुनेर राजा भूपतिन्द्र मल्लकै राज्यकालमा विलदेवद्वारा ने.सं. ८३४ जेष्ठ शुक्ल १३ मा निर्मित विहारसँगै शिरिषको फूल फुलेको हुँदा बुद्ध विहारलाई नेपाल भाषामा जिस्वाँ बहाल भनिए । अक्षोभ्य बुद्धप्रति समर्पित यो विहार मध्यपुर क्षेत्रका प्रमुख विहारमध्ये एक हो ।

### कास्य गुंग: स्तूपबाट पाटी बिहार

स्थविरवादी पाटी विहार ने.सं. १०८६ अघि पूर्ण भग्नावशेषको रूपमा थियो । भिक्षु मुनि ज्योति र बौद्धऋषि महाप्रज्ञाको विचारबाट प्रभावित उपासक उपासिकाहरूले ने.सं. १०८८ देखि पुनर्निर्माणको थालनी गरे । लिच्छवीकालीन चैत्य स्तम्भसहितको पाटी विहारमा हाल १३ फिट अग्लो ढलोटको बुद्धमूर्ति प्रतिस्थापित छ । विहार हेर्दा स्वयम्भूजस्तै आकृतिमा देखिन्छ । गुणकीर्ति विहारको शाखा थिमीका नौवटा मुख्य विहारमध्येमा पर्दछ । नेपाल सम्वत्को नवौं गुँलामा पाटी विहार पनि परिक्रमाभित्र पर्दछ ।

### मध्यपुर थिमीको नदे नागदेश

आफूलाई नागवंशज भन्ने नगदेशका बासिन्दामध्ये बहुसंख्यक बौद्ध छन् । नागसँग सम्बन्धित उपत्यकामा अनेकौं आख्यान छन् । नागलाई आगंद्यो मान्ने नागवंशी हुन् । नगदेशलाई नागदेश भनिन्छ ।

### बासुकी हो फाँट

नगदेशको दक्षिणतिर 'बाँसुकी हो फाँट'छ । भनिन्छ, फाँटमा अनेक नाग बस्थे । त्यतिखेर मान्छे नदीमा माछा नपाए बाँसुकी हो फाँटमा नाग पूजा गरी गए प्रशस्त माछा पाइन्छ भन्थे । यही फाँटमाथि बस्ती बसाली नागराजाले देशको नाउँ नागदेश राखिदिएको जनश्रुति छ ।

### नगदेश सिद्धिगणेश र द्योछें

थिमीबाट बोडे लाग्दा गणेश द्योछें र नगदेश ढोका छ । ने.सं. ९६१ मा स्थापित बौद्ध चैत्य नागछत्र पाउँछौं । चैत्यसँगै ढुंगा, इँटा छापेको चोकबीच तीनतले नगदेश सिद्धिगणेशको धातुछाने मन्दिर छन् । रूद्रनारायण राजलवटले ने.सं. ९८१ मा जीर्णोद्वार भएको सिद्धिगणेशले हैजा रोगबाट बचाउँछ भन्ने विश्वास गरिन्छ ।

### नगदेश बुद्ध विहार

कृष्णकुमार प्रजापतिको सक्रियतामा यस बुद्ध विहार स्थापना भएको बताइन्छ । एकान्त र एकलास फाँट छेउ महाँकाल पीठ छ, उक्त पीठलाई संरक्षित गर्दै निर्मित बुद्धविहार नगदेश क्षेत्रको एकमात्र थेरवादी विहार पनि हो । विहारमा पूर्णिमापछिको एकादशीको दिन लाछीटोलको ठूलो चैत्यमा बुद्ध पूजा गरी प्रत्येक महिना टोल-टोलमा ऱ्याली गराइन्छ । चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखायको बुद्धोपदेशलाई आत्मसात् गर्दै नगदेश बौद्ध समूहलाई सन् १९९१ जुन १ तारिखका दिन भिक्षु सुवोधानन्द महास्थवीरले बुद्धमूर्ति अनावरण गरेका थिए । बुद्ध विहार तीनतले घर शैलीमा ध्यान केन्द्रसहित रहेको छ ।

### बोडे, ख्याकलाई कजाएको देश र जिब्रो छेड्ने जात्रा

वैशाख २ गते जिब्रो छेड्ने देश बोडे महालक्ष्मी देवीको आदेशमुताविक ने.सं. ६३२ मा बसाइएको हो । बोडेबारे अलौकिक आख्यानअनुसार नीलबाराही जंगलतलतिर शंखकोट बस्ती थियो । बस्तीमा जंगली जनावर, भूतप्रेतले दु:ख दिन थालेपछि शंखकोट छाडी खेतको बीचमा बस्ती बसाले । 'बुं' भन्नाले खेत र 'दे' ले देशं बोडे भनिए । नीलबाराहीको दाहिने पाटीनेर ने.सं. ९५७ को शिलापत्रबाट स्पष्ट हुन्छ । तर भूतप्रेत, ख्याकले दु:ख दिन नछाडेपछि देवपतन पशुपतिका तान्त्रिक बन्धुदत्तका छोरा भीमदत्तसमक्ष कुरा पुऱ्याए । भीमदत्तले बोडेवासीलाई एक महिना खेतमा नजाने उर्दी लगाई तारण छाडिदिए ।

एकदिन मनोहरा नदीको किनारैकिनार बोडे पसेका पिचास तारणमा फसेछन् । पक्रिएका ख्याकले सक्कली स्वरूप देखाउँदा जिंग्रिंग सुइरोजस्तो कपाल, रातो लामो जिब्रो, डरलाग्दो आँखा देखेर मान्छेहरू भागाभाग गर्न थाले छन् तर भीमदत्तले तारणले बाँधिएका ख्याकको कपाल काटिदिने, जिब्रोमा सियोले घोचेर सजाय दिएछन् । ख्याक भागेर जाला भनी खुट्टामा घुंगरू बाँधी काठको गह्रुंगो भारी बोकाई देश परिक्रमा गराए छन् । बेइज्जत सहन नसकी ख्याकले अब उप्रान्त दु:ख नदिने, बरू प्रत्येक वर्ष बोडेमा जिब्रो छेड्न आउने र अनावृष्टि, अतिवृष्टि, महाभूकम्प हुनै नदिने वाचा गरे छन् । यसरी वाचा गराई छाडिदिएपछि तान्त्रिक भीमदत्तलाई सपनामा नीलबाराही रिसाउंदै भनिछन्- तिमीले मेरो ख्याक संगिनीलाई अपमान गऱ्यौं, म तिमीलाई बाँकी राख्ने छैन । सपनाको प्रकोप नपरोस् भनी हालसम्म भीमदत्त (भिन्दवा) श्रेष्ठका वंशजले जिब्रो छेड्नुअघि नीलबाराहीमा क्षमापूजा र महालक्ष्मी महापूजा लगाउने प्रचलन छँदै छ ।

### महालक्ष्मी देवस्थल

बोडेमा अवस्थित दुईतले महालक्ष्मी मन्दिर यहाँकी प्रमुख देवी हुन् । प्यागोडा शैलीयुक्त मन्दिर पुनर्निर्माण गरी धातु छानायुक्त छ भने तोरणमा महालक्ष्मी, टुँडालमा अष्टमातृका छन् । मन्दिरपरिसरमा बौद्ध चैत्य महाँकाल, गणेश छन् । बज्राचार्य पुजारी रहने देवस्थलमा ने.सं. ६८८ अंकित तोरण छन् । अष्टमातृका पीठमध्ये एक, महालक्ष्मी स्थानबाटै बोडेको प्रसिद्ध जिब्रो छेड्ने जात्रा पाँचौं गणेश, हासिमिला, खिँ, प्वा खा, न्हूम्ह: बाराही, पुलाम्ह बाराही, कालिका र महालक्ष्मी सात खटसहित भव्य जात्रा हुने गर्दछ । ने.सं. ७६१ मा वेखा भारो प्रवृत्तिले निर्माण र ने.सं. १०२६ मा लक्ष्मण डिङ्गाले जीर्णोद्वार गराएको बोडेमा विष्णुघाटको दुईतले नारायण मन्दिर छ ।

### नीलबाराही देवस्थल

बुं दे अर्थात् बोडेबाट दुई किलोमिटर पर ५० हेक्टरमा फैलिएको जंगल, थुम्काथुम्की डाँडाका बीच नीलबाराही मन्दिर छ । अष्टमातृका पीठमध्ये एक नीलबाराहीको आख्यान अलौकिक रहे पनि शिलालेखअनुसार मन्दिर ने.सं. ७६० भन्दा पुरानो देखिँदैन । बलौटे डाँडा, जंगल मनहरा नदी छेउ मनमोहक नीलबाराही पिकनिकस्थलका रूपमा छ । देवस्थल छानाविहीन सामान्य गारोले घेरेर राखिएको देख्न सकिन्छ ।

### लोहंकिलथली सरस्वती ढुंगा र दिव्यश्वरी

दिव्यश्वरी मन्दिरको पश्चिमपट्टि दुई ठूला ढुंगा किला छन् । बस्तीबीचको किलालाई विद्याकी देवी सरस्वतीकारूपमा पुजिन्छ । यही ढुंगे सरस्वतीको नाउँ लोंहले ढुंगा कि बाट किला र थली भन्नाले स्थान अर्थात् ढुंगाको किला भएको स्थानबाट लोहंकिलथली हुन गएको हो । प्रत्येक वर्ष श्रीपञ्चमीका दिन यस देवस्थलमा भक्तजनको ठूलो भीड लाग्दछ । राणाकालमा दिव्यदेव सुब्बाद्वारा निर्मित लोकन्थली दिव्यश्वरी मन्दिर यस क्षेत्रको दिव्य सम्पदा हो । गुम्बजदकार मन्दिर पाँचवटा गजुर पूर्णत: बज्रलेपित छ । मन्दिरभित्र सात फिट अग्लो ५४ वटा हात, १३ वटा टाउका, बेताल र स्यालमाथि चढेकी नागले घेरिएकी भगवती छिन् । विश्वरूप मातृशक्ति एक रोपनीमा फैलिएको छ । दिव्यश्वरी क्षेत्र मल्लकालीन भग्नावशेष भएको बताइन्छ ।

# प्रतीक्षा घर सञ्चालनमा आएपछि गर्भवतीलाई सहज

■ तारानाथ आचार्य

**बलेवा (बागलुङ)–** निसीखोला गाउँपालिका-३ को बोहोरा गाउँमा गर्भवती र सुसारेलाई लक्षित गरी प्रतीक्षा घर सञ्चालनमा आएको छ । बोहोरागाउँ स्वास्थ्यचौकी भवनसँगै सञ्चालनमा ल्याइएको प्रतीक्षा घरमा टाढाबाट आउने गर्भवती र सुसारे लाभान्वित भइरहेका छन् ।

गर्भवती सुत्केरी हुनुपूर्व अनिवार्यरूपमा कम्तीमा आठपटक गर्भ परीक्षण गराउनुपर्ने र स्वास्थ्य संस्थामा गएर सुत्केरी हुनुपर्ने प्रावधान भएकाले टाढाबाट आउने सेवाग्राहीको सहजताका लागि प्रतीक्षा घर सञ्चालनमा ल्याइएको स्वास्थ्यचौकीकी अनमी ताराकुमारी चन्दले बताइन् । 'टाढाबाट आउनेहरू यसअघि आफन्त वा होटलमा बस्ने गर्दथे । प्रतीक्षा घर सञ्चालनमा आएपछि गर्भ परीक्षण गराउन, सुत्केरी हुन आउनेहरूलाई खाने, बस्ने समस्या छैन,' उनले भनिन् । उक्त प्रसूति प्रतीक्षा घरमा एकपटकमा चार जनासम्म बस्न मिल्ने शयचासहित अन्य सामग्रीको व्यवस्थापन गरिएको अनमी चन्दले जानकारी दिइन् । उनका अनुसार यो घरमा खाना पकाउने सामग्री, ग्यासको चुल्हो, स्वच्छ खानेपानीका साथै बाहिर विभिन्न सन्देशमूलक सामग्री लेखिएका छन् ।

गत वर्ष १०७ जनाले सेवा लिएका बताउँदै उनले चालु आवको पाँच महिनामा ५२ जनाले सेवा लिइसकेका जानकारी दिइन् । 'सुत्केरी हुने एक/दुई दिनअघि यहाँ आएर बस्दा जोखिम कम हुने भएकाले गर्भवतीलाई सोहीअनुसार सुझाव दिँदै आएका छौं,' उनले भनिन् । सदरमुकामबाट १२० किलोमिटर पश्चिममा पर्ने दुर्गम गाउँ भएकाले गर्भवती र सुरारेको सहजताका साथै स्वास्थ्य संस्थामा सुत्केरी हुन प्रोत्साहन गर्ने उद्देश्यले प्रतीक्षा घर सञ्चालनमा ल्याइएको स्थानीय सिनियर अनमी तिला मल्लले बताइन् । प्रसूति व्यथाले च्यापेपछि मात्रै स्वास्थ्य संस्था धाउनुपर्ने समस्या अन्त्य गर्न, प्रसूतिको अवस्थामा आउने जोखिम कम गर्न, आमा र शिशुलाई स्वस्थ राख्न यो भवन उपयोगी बन्दै गएको उनले उल्लेख गरिन् ।




केही समस्या देखिएमा तत्काल सुविधा सम्पन्न अस्पताल पठाउन पाइने भएकाले गर्भवती र सुसारेलाई एक/दुई दिनअगावै प्रतीक्षा घरमा आएर बस्न आग्रह गर्दै आइएको स्वास्थ्यचौकीका प्रमुख टोपबहादुर चन्दले बताए । 'नियमित गर्भ परीक्षण गर्नेहरूमा पनि प्रसूतिको समयमा जोखिम आउनसक्ने भएकाले एक/दुई दिनअघि यहाँ आएर बस्न स्वास्थ्यकर्मीमार्फत सुझाव दिन थालेका छौं,' उनले भने ।

सिनियर अनमी मल्लले यहाँ आउने अधिकांश महिलाको स्वास्थ्य अवस्था जोखिम हुने बताउँदै ती महिलाको स्वास्थ्य जोखिम कम गराउन र समयमा उपचार उपलब्ध गराउन प्रतीक्षा घर प्रभावकारी माध्यम बन्दै गएको उल्लेख गरिन् । 'जतिसुकै स्वस्थ भए पनि प्रसूति अवस्थालाई सामान्य मान्न हुँदैन । गर्भवती र सुत्केरी अवस्थामा जुनसुकै बेला पनि जोखिम आउनसक्छ । यसतर्फ सबै सचेत भई स्वास्थ्य प्रोटोकलअनुसार नियमित गर्भ परीक्षण गर्नु र समयमा स्वास्थ्य संस्थामा पुगेर सुत्केरी हुनु प्रभावकारी उपाय हो,' उनले भनिन् ।

यो स्वास्थ्यचौकीमा आइपुग्न वडाभित्रबाट तीनदेखि चार घण्टासम्म पैदल हिँड्नुपर्ने अवस्था छ । 'गत वर्ष समयमा स्वास्थ्य संस्थामा आउन नसकेकी एक जनाले प्रसूतिका क्रममा ज्यान गुमाउनुभयो । उहाँको समस्या देखेपछि स्थानीय महिला स्वास्थ्य स्वयंसेविकाले नियमित गर्भ जाँच गर्न र प्रसूति गराउन अनिवार्यरूपमा एक/दुई दिनअघि स्वास्थ्य संस्थामा रहेको प्रतीक्षा घरमा आएर बस्न सुझाव दिँदै आएका छन्,' स्वास्थ्यचौकीका प्रमुख चन्दले भने ।

निसीखोला गाउँपालिकाको तीन लाख रूपैयाँ आर्थिक सहयोग तथा फेयरमेड फाउण्डेसन र विवाइसी बागलुङले सञ्चालन गरेको ग्रामीण स्वास्थ्य सुधार परियोजनाको दुई लाख ५० हजार रूपैयाँ लगानीमा उक्त प्रतीक्षा घर निर्माण गरी सञ्चालनमा ल्याइएको हो । चार वर्षअघि निर्मित यो घरमा सुरुमा कोही नआए पनि पछिल्लो समय अधिकांश गर्भवती आउन थालेका स्वास्थ्यचौकीका प्रमुख चन्दले बताए ।

पछिल्लो समय बडिगाड गाउँपालिका-२ को खरवाङ, हटिया स्वास्थ्यचौकी भवनमा एउटा कोठा छुट्ट्याएर प्रतीक्षा घर बनाइएको छ । अधिकांश स्वास्थ्य संस्थामा यो प्रयास सुरु भएको बताउँदै आगामी दिनमा प्रत्येक स्वास्थ्यचौकीमा प्रतीक्षा घर अनिवार्य गर्ने तयारी भइरहेको जिल्ला स्वास्थ्य कार्यालयकी जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माले जानकारी दिइन् । *रासस*

# चन्द्रनिगाहपुर अस्पताललाई विभिन्न उपकरण हस्तान्तरण

**रौतहट (प्रस)–** जिल्लाको चन्द्रपुर नगरपालिकास्थित चन्द्रनिगाहपुर नगर अस्पतालमा ट्रमा सेन्टर सञ्चालन गर्न आवश्यक उपकरण हस्तान्तरण गरिएको छ । लायन्स अन्तर्राष्ट्रिय क्लब र चन्द्रपुर नगरपालिकाको साझेदारीमा अस्पताललाई एक करोड ६० लाख रूपैयाँ मूल्यबराबरको विभिन्न उपकरण हस्तान्तरण गरिएको हो ।

पूर्वपश्चिम महेन्द्र राजमार्ग नजिक रहेको चन्द्रनिगाहपुर अस्पतालमा ट्रमा सेन्टर सञ्चालनको लागि लायन्स अन्तर्राष्ट्रिय क्लब र चन्द्रपुर नगरपालिकाको साझेदारीमा चन्द्रनिगाहपुर अस्पताललाई ट्रमा सेन्टर सञ्चालनका लागि अतिआवश्यक सामग्री हस्तान्तरण गरिएको थियो ।

'एनेस्थेसिया,' 'भेन्टिलेटर,' 'ओटी टेबल सेट,' 'ओटी लाइट सेट,' 'आइसियू बेड'सहित 'सेटअफ' लगायत ट्रमाका लागि आवश्यक पर्ने २०० भन्दा बढी उपकरण अस्पतालमा सहयोगस्वरूप प्राप्त भएको अस्पतालका प्रमुख डा. अभिनन्दन श्रीवास्तवले जानकारी दिए । पूर्वपश्चिम राजमार्गसँग जोडिएको जिल्लाको चन्द्रनिगाहपुरमा ट्रमा सेन्टर सञ्चालनमा आएपछि प्राकृतिक प्रकोप, दुर्घटनामा परेका बिरामीलाई उपचारमा सहज हुने चन्द्रपुरका नगरप्रमुख सञ्जयकुमार काफ्लेले बताए । लायन्स अन्तर्राष्ट्रिय क्लबले करिब एक करोड ६० लाख मूल्यका सामग्री हस्तान्तरण गरेपछि अस्पतालले कार्यविधि बनाएर सञ्चालनमा ल्याउने उनले उल्लेख गरे । सडक दुर्घटना, प्राकृतिक विपद्ले मानवको अकालमा ज्यान नजाओस् भन्ने उद्देश्यले अस्पतालमा ट्रमा सेन्टर सञ्चालनमा ल्याउन लागिएको नगरप्रमुख काफ्लेले बताए ।

लायन्स अन्तर्राष्ट्रियका प्रमुख बालकृष्ण बुर्लाकोटीले चन्द्रपुर राजमार्गसँग जोडिएकाले दुर्घटनाको जोखिम उच्च रहने भन्दै यहाँ ट्रमा सेन्टर सञ्चालन भएसँगै घाइतेले तत्काल उपचार पाउने विश्वास व्यक्त गरे । लायन्सले विभिन्न परियोजनामार्फत शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा सहयोग गर्दै आइरहेको उनले जानकारी दिए । उपचारका लागि आवश्यक उपकरण पर्याप्त मात्रामा मौज्दात हुन थालेपछि बिरामीको चाप बढेको अस्पताल प्रशासनले जनाएको छ । निजी अस्पतालमा पाउने सुविधा सरकारी अस्पतालमा निःशुल्क पाउन थालेपछि उपचारमा सहज भएको स्थानीय अर्जुन मैनालीले बताए ।

दक्ष स्वास्थ्यकर्मी, बिमा, सहज र सुलभ उपचार स्थानीयस्तरमा पाउन थालेपछि अस्पतालमा स्थानीयको घुइँचो हुन थालेको छ । स्वास्थ्य बिमा गराएकालाई सम्पूर्ण किसिमको औषधि समयमा उपलब्ध गराउनुपर्नेमा स्थानीय ट...क देवकोटाले सुझाव दिए । सम्पूर्ण किसिमका बिरामीको प्रभावकारी, सहज र सुलभ उपचार गर्ने उद्देश्यले सरोकार भएका निकाय तथा संस्थाले विभिन्न उपकरण सहयोग गरिरहेका अस्पतालका प्रमुख डा. श्रीवास्तवले बताए । मंगलबार स्वास्थ्य मन्त्रालयको सहयोगमा एक थान 'फोटो थेरापी' र 'इसिजी' उपकरण सहयोग प्राप्त भएको उनले जानकारी दिए ।

एक महिनासम्मका बच्चाहरूको उपचार गर्न फोटो थेरापी उपकरण आवश्यक रहेकामा स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको डा श्रीवास्तवले बताए । यसअघि उपकरण नहुँदा बच्चाहरूको उपचार गर्न निजी अस्पतालमा पठाउनु परेकामा अब यो समस्या अन्त्य हुने उनले उल्लेख गरे । उक्त उपकरण यथाशीघ्र सञ्चालन गरिने छ ।

अस्पतालले आकस्मिक सेवा, प्रसूति सेवा, बहिरंग (ओपिडी), प्रयोगशाला, एक्सरे, खोप, क्षयरोग, निःशुल्क फार्मेसी, बिमा सेवा सञ्चालन गर्दै आएको छ । यसअघि दैनिक ३०० सम्म बिरामी आउने गरेकामा अस्पतालमा सम्पूर्ण किसिमका उपकरणको व्यवस्था भएपछि अहिले दैनिक ३५० देखि ४०० सम्म बिरामी आउने गरेका छन् । सर्पदंशको उपचार गर्न जिल्लाभरिका बिरामी चन्द्रनिगाहपुर अस्पतालमा आउने गर्दछन् ।

---

स्थानीय सरकार

## पाँचपोखरी थाङपाल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

थाङपालधाप, सिन्धुपाल्चोक

### आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

मिति:- २०८१/०९/०४

यस पाँचपोखरी थाङपाल गाउँपालिकाको कार्यालयबाट निम्नलिखित बोलपत्र सूचना बमोजिम खोलिएको आर्थिक प्रस्ताव बमोजिम तपसिलको कार्यका लागि E–BID मार्फत दर्ता भएको बोलपत्र मध्ये सारभूत रुपमा प्रभावकारी देखिएकोले निम्न उल्लेखित न्यूनतम मूल्याङ्कित आर्थिक प्रश्तावं सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| बोलपत्र नं. | कामको प्रकृति | छनौटका लागि सिफारिस भएका बोलपत्रदाताको नाम र ठेगाना | कुल कबोल अंक भ्याट र कन्टिजेन्सी बाहेक |
|---|---|---|---|
| PTRM/WORKS/NCB/01/2081/082 | Construction of Mahabir Sinchai Gunsa-05 | KB/BB/PKB J/V Melamchi-9, Sindhupalchok | रू. २,०१,५९,८२३.०७- अक्षेरुपी दुई करोड एक लाख उनान्साठी हजार आठ सय तेईस रुपैंया पैसा सात मात्र । |

प्रमुख प्रशासकीय अधिकृत

---

## चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको



काठमाण्डौ महानगरपालिका-२२ खिचापोखरी, काठमाण्डौ, फोन नं.०१-५७१४००२/५७१४०४८

### कर्जा चुक्ता गर्ने वारे ३५ दिने सार्वजानिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०९/०४)

यस चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड काठमाण्डौं महानगरपालिका-२२ खिचापोखरी,काठमाण्डौंबाट तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले विभिन्न प्रयोजनको लागि उपभोग गरेको कर्जाको यस संस्थासंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने सावाँ,व्याज,हर्जना लगायत अन्य दै–दस्तुर आदि नतिरी नबुझाई संस्थासंग गरेको कर्जा सम्वन्धि शर्त वन्देजहरु उल्लंघन गरेकोले संस्थाका सम्पुर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तर–ताकेता गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा यस संस्थामा सम्पर्क गरी आफुले तिर्न बुझाउनु पर्ने साँवा,व्याज र हर्जना एवं अन्य दै–दस्तुर आदि सहित सम्पुर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय अवधि भित्र पनि तिर्न बुझाउन पर्ने सम्पुर्ण रकम दाखिला हुन नआएमा सहकारी ऐन, २०७४ तथा नियमावली,२०७५, संस्थाको ऋण व्यवस्थापन कार्यविधी तथा प्रचलित नेपाल सरकार कानुन बमोजिम कारवाही गरी लेना रकम असुल उपर गरिने छ । असुल उपर हुन नसकेको ऋण रकम ऋणी,धनजमानी दिनेको घर घरना जायजेथा चल अचल सम्पति समेतबाट असुल उपर गरिने व्यहोरा समेत यसै सुचनाका साथ सुचित गरिन्छ । साथै व्यक्तिगत धनजमानी दिनुहुने व्यक्तिहरुले समेत यसै सूचनाबाट जानकारी लिनुभई उक्त कर्जा भुक्तानी गर्न /गराउनु हुन सूचित गरिन्छ । अन्यथा ऋणी तथा जमानी कर्ताहरुलाई कालोसूचिमा समावेस गरिने र नपुग रकम जमानीकर्ताबाट समेत असुल उपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल

| ऋणीको विवरण | ऋणीको फोटो | व्यक्तिगत धन जमानी दिनेको बिवरण | जमानी दिनेको फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|
| **१. ऋणी : श्री शेखर बैद्य**<br>ना.प्र.प.नं : १५३४<br>जारी मिति : २०४६/५/४<br>जिल्ला : काठमाण्डौं<br>बाबुको नाम : इन्द्र नारायण बैद्य<br>बाजेको नाम : लक्ष्मी नारायण<br>ठेगाना : काठमाण्डौ म.न.पा.वडा.नं.- १०, भगवतिस्थान<br>कर्जा शिर्षक : **व्यवसायिक कर्जा** |  | **नाम : श्री सुजना श्रेष्ठ बैद्य**<br>ना.प्र.प.नं : ५६०१५-१२७८<br>जारी मिति : २०५२-०२-२३<br>जिल्ला : काठमाण्डौं<br>बाबुको नाम : गौतम श्रेष्ठ<br>बाजेको नाम : लाल बहादुर श्रेष्ठ<br>ठेगाना : काठमाण्डौ म.न.पा.वडा.नं. १०, भगवतिस्थान<br>**नाम : श्री इरोश बैध**<br>ना.प्र.प.नं : २७-०१-७७-००४५२<br>जारी मिति : २०७७-०३-२२<br>बाबुको नाम : शेखर बैध<br>बाजेको नाम : इन्द्र नारायण बैध<br>ठेगाना : काठमाण्डौ म.न.पा.वडा.नं. १०, भगवतिस्थान | <br> | श्री शेखर बैद्यको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, गोदामचौर गा.वि.स वडा नं. १ स्थित कि.नं. ६४० र ६११ क्षेत्रफल क्रमश ६९.५५ व.मी. र ५७.६३ भएको जग्गा । |
| **२. ऋणी : शोभा जोशी (श्रेष्ठ)**<br>ना.प्र.प.न. : १४९९६<br>जारी मिति : २०४६/१०/५<br>जिल्ला : काठमाण्डौं<br>पति : बिद्रोही श्रेष्ठ<br>ससुरा : तिर्थमान श्रृष्ठ<br>ठेगाना : काठमाण्डौ म.न.पा.वडा.नं.- २५<br>**कर्जा शिर्षक : अन्य कर्जा** |  | **नाम : श्री जस्मिता जोशी**<br>ना.प्र.प.नं : ५५६६<br>जारी मिति : २०५१/१०/०३<br>जिल्ला : काठमाण्डौं<br>बाबुको नाम : कृष्णेश्वर लाल जोशी<br>बाजेको नाम : सुन्दरलाल जोशी<br>ठेगाना : काठमाण्डौ म.न.पा.- २५<br>**नाम : श्री विद्रोही श्रेष्ठ**<br>ना.प्र.प.नं : ३२६५/४६९८८<br>जारी मिति : २०४४/१२/२५<br>जिल्ला : सिन्धुपाल्चोक<br>बाबुको नाम : तिर्थ मान श्रेष्ठ<br>बाजेको नाम: पृथ्वी मान श्रेष्ठ<br>ठेगाना : सिन्धुपाल्चोक गा.वि.स. वडा.नं.-७, राम्चे<br>**नाम : श्री विभव श्रेष्ठ**<br>ना.प्र.प.नं : ३००८/२११<br>जारी मिति : २०७०/०२/२३<br>जिल्ला : सिन्धुपाल्चोक<br>बाबुको नाम : विद्रोही श्रेष्ठ<br>बाजेको नाम : तिर्थ मान श्रेष्ठ<br>ठेगाना : सिन्धुपाल्चोक गा.वि.स. वडा.नं.-७, राम्चे |  | श्री शोभा जोशीको नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं १० स्थित कि.नं. ११८ र ९ क्षेत्रफल क्रमश ०-०-३-३ र ०-०-१-१ भएको जग्गा । |

---

### माइग्रेसन हराएको सूचना

मिति: २०८१/०७/२४ गते चरिकोटदेखि दोलखासम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : शुशांक आचार्य**
**रजिस्ट्रेसन.नं.: ७७२२४७०५९**
**सिम्बोल.नं.: २२२०१३१८**
**सम्पर्क: ९८६१७८३३८४**

### मोटरसाइकल हराएको सूचना

मिति २०८१।०८।२५ गते काठमाडौं महानगरको वार्षिक उत्सव कार्यक्रममा सहभागी हुने क्रममा टुडिखेल स्थित पार्किङबाट कालो, रातो रङ्को 150 cc Pulsar मोटरसाइकल बेलुकाको १७:०० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : शिवम डाईगनोष्टीक सप्लायर्स (हुलास फिन सर्भ हायर पर्चेज लि.)**
**ऋणीको नाम: दिपक सापकोटा**
**बाइक नं.: बा.प्र. ०३-०५३ प ७७६६**
**च्यासिस नं.: MD2A11CX2RPD58511**
**इन्जिन नं. : DHXPRD72637**
**ठेगाना: विदुर-८, नुवाकोट, हाल तारकेश्वर-६, काठमाडौं**
**सम्पर्क: ९८५१००९८८६**

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक २३२ पौष ३ गते २०८१ मा प्रकाशित **WORLD KING H.R.INTERNATIONAL PVT.LTD.** को Lot No. 311126 को Universal Cold Store Food Products Factory Company Ltd. कम्पनीको विज्ञापनमा **साउदीमा रोजगार** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641, 9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

---

### साउदीमा रोजगार

कम्पनी : FAHDAH AYED AL-RASHIDI GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | पूनः विज्ञापन स्वीकृति मिति : २०८१/०९/०३ | LT. No. 311120 | चलानी नं. ६०२२९७८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ११ गते (26th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
